# धर्मकीर्ति

धर्मकीर्ति

The Dharmakirti



शाक्य र कोलियहरू बिचको कलह समाधान गर्नु हुँदै भगवान् बुद्ध

वर्षः ४०, अङ्कः १०

बु.सं. २५६६, मिला पुन्हि

# श्रद्धेय माधवी गुरुमांया अन्त्येष्टि

*२०७९ मंसिर २९ गते, बिहिवार*
*स्थान- यशोधरा बौद्ध विद्यालय प्राङ्गण*

नेपाःदेया प्रव्रजित गुरुमांपिं मध्ये थकालिम्ह श्रद्धेय माधवी गुरुमां वंगु मंसिर २८ गते सुथे ३:४६ बजे बुधवार पुल्चोकस्थित सुमेरु अस्पतालय् दिवंगत जुयाबिज्यात ।

अखिल नेपाल भिक्षु महासंघया निवर्तमान खुम्हम्ह संघनायक भिक्षु अश्वघोष महास्थविरया क्यहेँ, अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालया अध्यक्ष धम्मवती गुरुमांया पासा माधवी गुरुमां अनगारिका संघ नेपालया महासचिव खः ।



**दिवंगत माधवी गुरुमां**

यलया ओकुबहाः निवासी श्री चन्द्रज्योति शाक्य व श्री लक्ष्मीमाया शाक्यया चीधीम्ह म्ह्याय् वसपोल गुरुमांया गृहस्थ नां शुभलक्ष्मी खःसा वसपोल बि.सं. २००६ साल कार्तिक ५ गते शुक्रवार कुशीनगरय् उ चन्द्रमणि महास्थविरया उपाध्यायत्वय् प्रव्रजित जुयाः माधवी गुरुमां जुयाबिज्यात ।

वसपोलं बि.सं. २०१३ सालय् यशोधरा बौद्ध विद्यालय स्थापना यानाः नारी शिक्षा उत्थान ज्याय् न्ह्यज्याना बिज्यात । वसपोलयात तत्कालिन महाराजाधिराज श्री ५ महेन्द्र वीर विक्रम शाहदेवपाखें बि.सं. २०२५ सालय् गोरखा दक्षिणबाहु चतुर्थद्वारा विभूषित याःगु खः । वसपोलं बुद्ध शिक्षा प्रचार यायगु ज्याभ्वलय् सुनन्दाराम विहार स्थापना याना बिज्यात । थ्वहे भ्वलय् वसपोलं मानवमय ज्ञान, मानव सभ्यता, मानव धर्म शिक्षा, जीवनको महत्व, व मेरो आत्मकथा नांया सफूत च्वयाः पिथना बिज्यात । अथेहे आदर्श बौद्ध महिला नांगु सफू, नेवाः भाषं अनुवाद यानाबिज्यात । उलिजक मखु वसपोलं यक्को लेख व कवितात नं च्वयाः प्रकाशन याना बिज्याःगु दु । दिवंगत माधवी गुरुमांया पार्थिव शरीर मंसिर २८ गते न्हिच्छि यशोधरा बौद्ध विद्यालयया प्राङ्गणय् अन्तिम दर्शनया लागि तयाः मंसिर २९ गते बिहिवार अन्त्येष्टिया लागि ज्याभ्वः न्ह्याकूगु खः ।

ज्याभ्वलय् अखिल नेपाल भिक्षु महासंघया अध्यक्ष धम्मशोभन महास्थविर भन्तेपाखें शील प्रार्थना याकाबिज्यातसा यशोधरा बौद्ध विद्यालयया निवर्तमान प्रधान अध्या-पिका रमीला शाक्यज्यूं माधवी गुरुमांया जीवनी प्रस्तुत यानाबिज्यात । ज्याभ्वले अखिल नेपाल भिक्षु महासंघया सचिव निग्रोध महा-स्थविर भन्तेनं माधवी गुरुमांया बुद्ध शासनय् योगदान बिषये थःगु मन्तव्य व्यक्त यानाबिज्यात । अथेहे अनगारिका संघया पाखें उक्त संघया सचिव ञाणवती गुरुमांनं अनगारिका संघया महासचिव माधवी गुरुमांया शासनिक योगदान विषये चर्चा यानाबिज्यात । अनं लिपा भिक्षु महासंघ व प्रव्रजित गुरुमांपिं पाखें सामूहिक रूपं दिवंगत माधवी गुरुमांया पुण्यस्मृतिस परित्राण पाठ, मरणानुस्मृति पाठ यानाबिज्यात । पाठ याय्गु ज्याभ्वः क्वचायकाः माधवी गुमांया शिष्य गुरुमांपिं समूह व वसपोलया छ्यँजः पिनि समूह मुनाः भिक्षु महासंघयात मतक वस्त्र दान यानाबिज्यात । ज्याभ्वःया अन्तय् माधवी गुरुमांया पुण्य स्मृतिस वसपोलया सुगति व निर्वाण हेतु कामना यासे श्रद्धेय धम्मशोभन महास्थविर भन्तेपाखें पुण्यानुमोदन याकाबिज्यास्य ज्याभ्वः क्वचायका बिज्यात । थुगु ज्याभ्वः पञ्ञारतन भन्तेनं न्ह्याका बिज्याःगु खः ।

ज्याभ्वः क्वचायकाः माधवी गुरुमांया पार्थिव शरीर छाय्पिया तःगु मोटरय् तयाः संखमूल दिपय् अन्त्येष्टिया लागि न्ह्याकूगु खः । भन्तेपिं, गुरुमांपि व उपासकोपासिकापिं सकलें यानाः हजारौंया ल्याखय् थुगु अन्त्येष्टि ज्याली सहभागी जुयाः पुण्य सञ्चय याना बिज्याःगु खः ।

संखमूल दिपय् माधवी गुरुमांया पुण्यस्मृतिस परित्राण पाठ, पुण्यानुमोदन व दान प्रदान यासे वसपोलया सुगति व निर्वाण हेतुया कामना जुल । अन्त्ये वसपोलया पार्थिव शरीरय् प्रव्रजित गुरुमांपिं लगायत छ्यँजःपिं, उपासकोपासिकापिसंनं दाग वत्ति बियाः अन्त्येष्टि ज्याभ्वः सम्पन्न याःगु जुल ।

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६६

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२३

बिक्रम सम्बत् २०७९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**6th JANUARY 2023**


| वर्ष- ४० | अङ्क- १० | मिला पुन्हि | पौष २०७९ |
|---|---|---|---|





न चा'हु न च भविस्सति - न चे'तरहि विज्जति
एकन्तं निन्दितो पोसो - एकन्तं वा पसंसितो

सर्वदा प्रशंसा हे जक याका च्वंम्ह व सर्वदा निन्दा हे जक याका च्वंम्ह व्यक्ति, दया वंगुनं मदु, आ: दुगु नं मखु लिपा दैगु नं मखु ।

सदा अरूबाट प्रशंसा मात्र गराई बस्न पाउने वा निन्दा मात्र खेपिरहन पर्ने व्यक्ति छँदै छैन, न अहिले छ, न पछि होला ।

**There has never been and never will be, nor is there now, one who receives only blame or only praise.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय - शाक्य र कोलिय | – स.ना.गो., अनु. वीर्यवती | २ |
| ३) | सम्पादकीय - अधुवं मे जीवितं धुवं मे मरण | – | ३ |
| ४) | नारी हृदय | - भिक्षु अश्वघोष | ४ |
| ५) | स्नेही छोरी (उपन्यास) – पछ्याइ ६ | – वर्मी भिक्षु र वे थ्वं महास्थविर | ८ |
| ६) | तथागतयागु स्वीनिता महापुरुषलक्षण उत्पन्न ... ...-२ | - कुसलज्ञाणी गुरुमां | ११ |
| ७) | धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना | - | ११ |
| ८) | माझखण्ड विहारमा भ्रमण : एक स्मरण | - शिशिल चित्रकार | १२ |
| ९) | मानसिक स्वास्थ्यको लागि बुद्ध शिक्षा | - दिना कंसाकार | १३ |
| १०) | Ths Light of the Buddha | – Lekh Ratna Shakya | १९ |
| ११) | धम्मपद – पण्डित वर्ग | – सत्यमोहन जोशी | २२ |
| १२) | जीवन सुखं हनेनु | - नाती महर्जन | २२ |
| १३) | वा: चायका: स्वाना सयक्य | - भरतराज चित्रकार | २४ |


*आवरण चित्र परिचय*

# शाक्य र कोलिय

**कल्याण मित्र सत्यनारायण गोयन्का**
**भावानुवाद- वीर्यवती**

भगवान् बुद्धको जीवनकालमा एक यस्तो स्थिति पनि सृजना भएको थियो । जेठ महिनाको समय, रोहिणी नदीको जलप्रवाह धेरै सिथिल भइरहेको थियो । दुबैतर्फको खेत (नदीको एकातर्फ शाक्यहरूको खेत रहेको छ भने अर्कोतर्फ कोलियहरूको खेत) गर्मीको रापले सुक्खा भइरहेको थियो । नदीमा बाँध बाँधेर पानी जम्मा गरेपनि पानीको स्रोत यति कम भइसकेको थियो, एकातर्फको खेतमा मात्र पानी पठाई सिंचाई गर्न पुग्ने थियो । अर्कोतर्फको खेतमा पानी सिंचाई गर्न नपुगिने भएको कारणले अर्कोतर्फको खेती नाश हुने निश्चित थियो । बाँध बाँधेर जम्मा पारिएको पानी दुबैतर्फको खेतमा पठाइने व्यवस्था गरे दुबै तर्फको खेतमा पानी अपुग भई दुबैतर्फको खेती बिग्रिने, बाली नाश हुने देखियो । नदीको सबै पानी एकातर्फको खेतमा मात्र सिंचाई गर्न पाए कमसेकम एकातर्फको खेती राम्रो भई फसल राम्रो हुने देखियो । त्यसैले दुबैतर्फको खेतमा काम गर्ने मजदूरहरू एक-आपसमा यही समस्यालाई लिएर छलफल गर्नथाले । तर दुबैतर्फको मजदूरहरू आ-आफ्नो खेतमा पहिला पानी पठाई खेतीपाती बचाउनुमा अडिग रहे । एकातर्फ पानी सिंचाई गरी उब्जाइएको फसल अर्को समूहका व्यक्तिहरू आई लिने प्रस्ताव राखियो । तर यहाँ समस्या आयो उक्त फसल लिने जाने व्यक्ति को ? कसैले पनि अरूहरूको खेतमा उब्जनी भएको फसल लिन जान मानेन । फलस्वरूप ती मजदूरहरूको बिच कलह र विवाद चर्कियो । दुबैतर्फबाट एक-अर्कालाई गाली गर्ने र मुख छाड्ने स्थिति सृजना हुँदा हुँदै हाथापाई समेत हुन थाल्यो । हुँदाहुँदा दुबै तर्फबाट एकले अर्कोतर्फको मालिकहरूलाई मनपरि निन्दा गर्नथाले । त्यतिमात्र होइन एकातर्फबाट अर्को तर्फको राजकूलका पूर्वजहरूलाई समेत अत्यन्त अशोभनिय र अभद्र शब्दहरू प्रयोग गर्न थाले । त्यसपछि कोही मजदूरले आ-आफ्ना खेतका मालिकलाई अर्को पक्षका मजदूरहरूले आफ्ना राजकूलका पूर्वजहरूलाई समेत प्रयोग गरेका अपशब्दहरूको विषयमा बताउन पुगे ।। फलस्वरूप दुबै समूह बिचको कलह र विवादले उग्र रूप लिन पुग्यो । यो मामिला अधिकारी एवं मन्त्रीहरूको समूहमा पुग्दा पुग्दै उपराजा र राजाहरू समक्ष समेत पुग्न थाल्यो । दुबै तर्फका नवयुवक

*( क्रमशः ७ पेजमा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# अधुवं मे जीवितं धुवं मे मरणं

संसारमा जन्म लिएपछि एकदिन मरण हुनु निश्चित छ भने सदा बाँचिरहन पाउनु अनिश्चित छ। त्यसैले संसारको यो सत्यतथ्य नियमलाई सम्झी हामीले सदा यस वाक्यलाई मनन गर्नु अत्यावश्यक देखिन्छ।

"अधुवं मे जीवितं धुवं मे मरणं।"

चर्तुमहाभूतमा नै विलिन भएर गएपनि यही शरीरको आधार लिई जतिपनि असल कार्यहरू गरिन्छन्, ती सबै सुकीर्ति जीर्ण हुँदैन, अमर भएर रहन्छ। त्यसैले भनिन्छ,

"रूपं जीरति मच्चानं नाम गोत्तं नजीरति"

त्यसैले आफ्नो छोटो जीवनकालमा आफूले सक्दो कुशल कार्यहरू गरी अमूल्य जीवनको सदुपयोग गर्नु हाम्रो कर्त्तव्य हुनेछ। यसरी सुकीर्तिको छाप छोड्न सक्षम माधवी गुरुमांको योगदानलाई हामीले जान्न उपयुक्त देखिन्छ। आदर्श लिनुराम्रो हुनेछ।

नेपालमा प्रव्रजित गुरुमांहरू मध्ये जेष्ठ गुरुमांको रूपमा रहनुभएकी माधवी गुरुमां यही २०७९ मंसिर २८ गते विहान ३:४६ बजे दिवंगत हुनुभयो। उहाँको जीवनीमा उल्लेख भएनुसार उहाँ ललितपुर ओकुबहाल निवासी श्री चन्द्रज्योति शाक्य र श्री लक्ष्मीमाया शाक्यकी कान्छी छोरीको रूपमा जन्मनु भएकी थिइन्। अखिल नेपाल भिक्षु महासंघका तत्कालिन छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविरको बहिनी, अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालका अध्यक्ष धम्मवती गुरुमांकी सहपाठी माधवी गुरुमां "अनगारिका संघ नेपाल" का महासचिव हुनुहुन्थ्यो। गृहस्थ नाम शुभलक्ष्मी रहेको माधवी गुरुमां कुशीनगरमा वि.सं. २००६ साल कार्तिक ५ गते, शुक्रवार ऊ चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा प्रव्रजित गुरुमां हुनुभयो भने करिव ७ दशक भन्दा बढी समय थेरवाद बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा निरन्तर लागि पर्नुभएको देखिन्छ। यही दौरानमा उहाँले बि.सं. २०१३ सालमा यशोधरा बौद्ध विद्यालय स्थापना गरी नारी शिक्षा उत्थान कार्यमा लाग्नुभयो। यसकार्य गरेबापत उहाँलाई तत्कालिन महाराजाधिराज श्री ५ महेन्द्र बीर विक्रम शाहदेवद्वारा बि.सं. २०२५ सालमा गोरखा दक्षिण बाहु चतुर्थद्वारा विभूषित गरियो।

सुमंगल विहारका प्रमुख भिक्षु बुद्धघोष महास्थविर (अ.ने.भि. संघका तत्कालिन पाँचौं संघनायक) समक्ष बुद्ध शिक्षा अध्ययन गर्नुभएकी माधवी गुरुमांले बर्मा पुग्नुभई "मूलदा" तह सम्मको बुद्ध शिक्षा उत्तिर्ण गर्नुका साथै नेपाल बौद्ध परियत्ति शिक्षाको "सद्धम्म पालक" उपाधि पनि हासिल गर्नुभयो।

उहाँले बि.सं. २०५२ सालमा प्रौढ शिक्षा सञ्चालन गर्नुका साथै नारीहरूलाई सिलाई बुनाई एवं पाक शिक्षा आदिको कक्षा सञ्चालन गरी शील्प विद्या पनि प्रदान गर्दै आउनु भएको थाहा हुन आएको छ।

बुद्ध शिक्षा प्रचार प्रशारार्थ सुनन्दाराम विहार स्थापना गर्नुभई बुद्ध शासनलाई चिरस्थायी गर्ने कार्यमा टेवा पुऱ्याउनु भएकी उहाँले आफ्ना शिष्याहरू (प्रव्रजित गुरुमांहरू) को संख्या बढाउँदै लानुभएको देखिन्छ। यही सिलसिलामा उहाँले बुद्ध शिक्षामा आधारित पुस्तकहरू मानवमय ज्ञान, मानव सभ्यता, मानव धर्म शिक्षा, जीवनको महत्व र मेरो आत्मकथा आदि लेख्नु भएको छ। यसको अलावा उहाँले थुप्रै कविता र लेखहरू पनि लेखी प्रकाशित गर्नुभएको देखिन्छ। आदर्श बौद्ध महिला पुस्तक नेपाल भाषामा अनुवाद गर्नुभई आफ्नो कीर्ति छोडेर जानुभएको छ।

यसरी आफ्नो अमूल्य जीवन बुद्ध शासनमा समर्पण गरी अमूल्य योगदान गरेर जानु भएकी माधवी गुरुमांको परलोक जीवन सुगतिमय बनी निर्वाण हेतु लाभ होस्। धर्मकीर्तिको यही कामना रहेको छ।



# नारी हृदय

- भिक्षु अश्वघोष

घोषकको जन्म कौशम्बीवासी एक बैश्याको कोखमा भएको थियो । छोरा जन्मेको देखी गणिकाले उसलाई सडकको कसिंगर फाल्ने ठाउँमा फाल्न लगाएपछि बालकलाई कागहरूले घेरी राखे । त्यसबेला कौशम्बी सेठका एक कर्मचारी सेठको घरमा जान लागिराखेको बेला उसले बाटोमा कागहरूको वथान देखी "के रहेछ" भनी हेर्दा भर्खर जन्मेको एक बालक देखी पुत्रस्नेह उत्पन्न गरी बालकलाई आफ्नो घरमा लग्यो । उसको नाम घोषक थियो ।

त्यसबेला कौशम्बिक सेठ पनि राजाको चाकरीबाट फर्किरहेको थियो र उसले बाटोमा एक ज्योतिषी पुरोहित ब्राह्मण भेट्यो । अनि उनीसंग उसले "पुरोहित बाजे ! आज नक्षत्रको के हालखबर छ नि, नक्षत्र योग कस्तो छ त ?" भनी सोध्दा उनले त्यहीं बसी औंला गिन्ती गरी नक्षत्र योग विचार गरी भने-

"भो सेठ ! आज जन्मिने बालक यस नगरको सेठ हुनेछ ।" त्यस समय सेठको धर्मपत्नी गर्भिणी थिई र भरे-भोली भएकी थिई । त्यसैले हतारो हतारो गरी सेठ घर फर्की पत्नी सुत्केरी भइन् कि भइनन् भन्ने जान्न चाहन्थ्यो । पत्नी सुत्केरी भइनसकेकीले उसको मनमा यस्तो कल्पना उठ्यो-

"नगरमा आज कसैको घरमा बालक जन्मेको पाएमा मैले उसलाई ल्याउने छु र पछि मेरो पनि छोरै जन्मेमा ल्याईएको बालकालाई मार्न लगाउने छु । अनि मेरै छोरो यस नगरको सेठ हुनेछ । केही भएर छोरी पाएमा उसलाई मेरो छोरी दिई आफ्नै घरमा राख्नेछु ।"

यस्तो सोची उसले त्यसैदिन जन्मेको बालक खोजी गर्न पठायो । संयोगवश आफ्नै कर्मचारीको घरमा त्यसैदिनमा जन्मेको बालक पाई उसलाई एक हजार कार्षापण रुपैयाँ दिई सो बालक आफ्नो घरमा ल्याई राख्यो ।

केही दिनपछि सेठकी पत्नीले छोरा जन्माई । त्यसपछि सेठले त्यो ल्याएको बालकलाई मार्ने सङ्कल्प गऱ्यो । त्यो बालक नभएमा आफ्नै बालक नगरको सेठ हुनेछ भन्ने विश्वास लियो । यसै पाप सङ्कल्पको हेतुले उसले घोषक बालकलाई मार्ने निश्चय गऱ्यो ।

सङ्कल्प अनुसार काम गरिन्छ । खराब सङ्कल्प भए खराब काम, असल सङ्कल्प भए असलै काम गरिन्छ । त्यसैले धम्मपदमा सबै कर्मको मूल कारण मन नै हुन्छ भनी भनिएको हो ।

**हत्याको षडयन्त्र –**

पापमा डुब्ने चित्त प्रवृत्ति भएको कौशाम्बिक सेठले घोषक बालकलाई मार्ने नै नियत गरी एकदिन आफ्नो काली भन्ने दासीलाई अऱ्हाई सर्वप्रथम गोठको द्वारनिर छाड्न लगायो । गोठको ढोका खोल्दा अरु अरु दिनमा भए गोठका ठूला ठूला गाई-गोरुहरू सबभन्दा पछि निस्कन्थे । तर त्यसदिन गोठको ढोका खोल्ने बित्तिकै गोठको सबभन्दा ठूलो गोरु बाहिर निस्की सो बालकलाई आरक्षा गर्दै हजारौं गाई गोरुहरूको धक्का खाएर पनि अडिग भई, निश्चल भई त्यहिं नै दैलोनिर उभिरह्यो । गोठालोले देखी, आश्चर्य मानी "आज यो गोरु किन सबैभन्दा पहिले निस्की दैलोनिर सबैलाई असजिलो पार्दै उभिरहेको होला ।" भनी हेर्न जाँदा गोरुको खुट्टामुनि एक दुधे बालक देखी विश्मित भई "यो बालको प्राण बचाउन यसरी उभिरहेको रहेछ ।" भन्ने बुझी बालक प्रति स्नेह उत्पन्न गरी बालकलाई घरमा लग्यो ।

जब सेठले बालक नमरेको र उसलाई गोठालाले आफ्नो घरमा लगेको खबर सुन्यो, अनि उसले गोठालोलाई एक हजार कार्षापण दिई पुनः बालकलाई आफ्नो घरमा ल्याउने आदेश दियो । समय बित्दै गयो, एक दिन सेठले अर्को उपाय सोच्यो, उक्त उपाय अनुसार उसले काली दासीलाई अऱ्हाई बालकलाई मसानमा छाड्न लगायो ।

त्यसदिन आफ्नै अजपाल (गोठाला) सोही मसानतिर बोका, बाख्राहरू चराउन गयो । बाख्राहरू मध्ये एउटा ठूलो बाख्राले सो बालक भएको ठाउँमा गई, घुँडा मारी

खुट्टामुनी बालकलाई राखी दूध खुवाउन थाल्यो र हजारौं बोका र बाखाहरूको कुल्चाईबाट बालकलाई बचायो। सबै बाखाहरू चर्दै गइसकेपछि पनि उक्त बाखा पहिलेकै आसनमा स्थिर रहेको देखी अजपाल त्यहिं गएर हेर्दा त उक्त बाखाले बालकलाई दूध चुसाइरहेको देख्यो। यो दृष्य देखेर अजपाल ज्यादै आश्चर्य मानी उक्त बालकलाई टिपेर आफ्नो घरमा लग्यो।

सेठले फेरि पनि बालक बाँचिराखेको र उसलाई आफ्नै अजपाल ले पालिराखेको खबर सुनी अजपाललाई पनि एक हजार कार्षापण दिई बालक फिर्ता ल्यायो।

पाप चेतनाद्वारा गरेको काम सफल नभएकोले उसको मनमा झन् झन् डाह भयो र मूर्खतावस् उसको चिन्ता झन बद्दै गयो। पाप गर्ने मूर्खहरूको चित्तवृत्ति दिनपरदिन पाप कार्यमा नै रमाए जस्तै पुण्य गर्ने पुण्यात्माहरूले पापबाट आफ्नो चित्तलाई हटाई पुण्यमा नै लगाउन थाल्छन्। तर कौशम्बिक सेठ पापकार्य गर्न माथिल्लो श्रेणीको भएको हुँदा उसले एकमाथि अर्को दरुण उपाय सोच्दै बालकलाई गाडा चल्ने बाटोमा गाडाले कुल्चाएर मार्नको लागि उक्त बाटोमा फाल्ने अठोट गऱ्यो। यही सङ्कल्प अनुरुप उसले एकदिन हजारौं गाडाहरू ल्याउने बाटोमा बालक फालेर आउनु भनी काली दासीलाई अऱ्हायो। बिहानको भोर नहुँदै सो बाटोमा शयकडौं गाडाहरू आए। तर सो बालक भएको ठाउँमा पुगेपछि गाडाको दुबै गोरुहरू डेगं चलेनन्। गाडावानहरूले गोरुहरूलाई कुटे, चुटे, सासना गरे तर गोरुहरूका खुट्टाहरू त्यहिं कीला ठोकिएर राखे जस्तै चलाउन सकिएन। गोरुहरूलाई जति कुटे त्यति नै उनीहरू नचलीकन भुइँमा थचक्क थचक्क बसिदिए। यसरी गोरुहरूलाई हिंडाउन मेहनत गर्दा गर्दै विहानी पखको समय भई आकाशमा सूर्यको किरण देखिन थालेपछि गाडावानहरू "आज यो गोरुहरू किन ढिटाहा भई बसेका होलान्" भनी यताउता हेर्दै अगाडितर्फ रेखदेख गर्न जाँदा भुइँमा बालक सुताइराखेको देखे। अनि गाडावान्हरूले गोरुको प्रकृया देखी विश्मित भई "धन्य ! धन्य ! यी गोरुहरू !!! भन्दै उनीहरूले सो बालकलाई लिएर गए।

उता सेठले फेरिपनि बालक नमरेको खबर थाहा पाए। उसको मनमा झन झन डाह र ईर्ष्या बढ्दै गयो। फेरि गाडावान्हरूसंग एक हजार कार्षापण तिरी घोषकलाई फर्काएर ल्याए। सेठको लागि सो बालक आँखाको छारो हुन पुग्यो। बालक मार्ने मनोवृत्तिलाई झन झन बढाउन थाल्यो। मन पोल्न थाल्यो। उपाय सोच्न छोडेन। अब त यस बालकलाई भीरबाट खसालेर मारुँ भनी विचार गरी एकदिन सोही दासीलाई अऱ्हाई भीरबाट खसाल्न पठायो। तर बालकको कर्मशक्ति यत्तिको बलियो थियो कि त्यहाँबाट खसाल्दा बालक एउटा बाँसको झाडीमा परी कुनै एक झोलामा राखे जस्तै अड्की राख्यो। त्यही दिन बाँसको काम गर्ने मानिसहरू बाँस काट्न जाँदा झाङ्गबाट आएको बालकको आवाजले उनीहरू सतर्क भएर हेर्दा त बालक फेला पारे। बालकलाई देखेर खुशी हुँदै उनीहरूले बालकलाई आफ्नो घरमा लगे।

यो खबर सुनेका सेठको मन त झन तड्पिन थाल्यो। के गरुं र कसो गरुं भन्दै छट्पटिएका उक्त सेठले बालकलाई सीधा आँखाले हेर्न पनि चाहेन। यसलाई नमारे सम्म आफ्नो बालक छोरो नगरको सेठ हुन पाउँदैन भन्ने विचारले पोलेर इर्ष्याले छटपटाउन थाल्यो। जसरी भएपनि यो बालकलाई मार्नुछ भन्दै उसले एक भयानक उपाय सोच्न थाल्यो।

सेठको एक कुमाले साथी रहेछ। उक्त विश्वासी साथीलाई भनेर बालक मार्न लगाउने योजना बुन्न थाल्यो। उक्त योजना अनुसार उसले कुमाले साथीलाई भन्यो-

"साथी ! आज म तिमीकहाँ एक विश्वासको कुरा गर्न आएँ। मेरो घरमा एक कुजात बालक छ। यसलाई काटी तिम्रो अवाल (इँटा भट्टी) पोल्ने बेला त्यसभित्र हाली भष्म पारिदिनु।"

सेठको कुरा सुनी कुम्हालेले दुबै हातले कान बन्द गर्दै भन्यो– "अहो ! यस्तो काम मैले कसरी गर्न सक्छु र"। भन्दै कराउन थाल्यो।

कुम्हालेले यो कार्य गर्न इन्कार गरेपछि सेठले फकाउँदै उसलाई १ हजार कार्षापण को थैली अगाडि राखिदियो। पैसाको पोको देख्ने वित्तिकै कुम्हालेको मन फर्कियो। अनि उसले यस कार्यलाई स्वीकार्दै भन्नथाल्यो - "त्यसो भए फलाना दिनमा मेरो अवालमा भाँडा पोलिनेछ। त्यस समय बालकलाई पठाई दिनुस।"

त्यसपछि कुम्हालेको अवालमा आगो राख्ने दिनमा सेठले घोषकलाई बोलाई भन्यो -

"पुत्र ! तिमी आज फलाना मेरो साथीको घरमा गई बुबाले भनेको काम गरिदेऊ भनी भन्न जाऊ"।

सेठ र कुम्हालेको बीचमा भएको सहमति अनुसार उक्त दिन पठाइएको बालकलाई काटी अवालभित्र राखी जलाईदिने थियो ।

घाम झुल्किने बेलामा सेठले घोषकलाई कुम्हालेको घरमा जाने काम अऱ्हायो । विचरा सीधासाधा घोषक बालकको, मृत्युको द्वार आज कुम्हालेको घरमा हुनेभयो । बाटोमा उसले आफ्नो साखै भाई भन्थानेका सेठका छोरालाई भेट्यो । उ त्यहाँ गुच्चा खेलिरहेको थियो । दाईलाई देखेर उसले भन्यो -

"भो दाई ! दिनभरी गुच्चा खेली रोटी सबै मैले हारें । एउटा पनि रोटी जिन्त सकिन । त्यसैले मेरो लागि तिमीले गुच्चा खेलिदेउ न ।"

अनि घोषकले भन्यो - "भाई ! बुबाले कुम्हाले कहाँ गएर आऊ भनी अऱ्याएको छ । म खेल्न सक्दिन ।"

"भो दाई ! त्यसो नभन । तिमी गुच्चा खेल्न सिपालु छौ । मलाई रोटी जिताइ देऊ । बरू म कुम्हाले कहाँ गई बुबाले अऱ्हाएको काम गरेर आउनेछु ।"

"त्यसो भए, तिमी त्यहाँ गई" मेरो बुबाले भनेको काम गरिदेऊ भनी कुम्हालेलाई भनी आऊ ।"

अनि सो बालक दाई चाहिंको कुरा सुनी साँझपख सरासर कुम्हालेको घरमा गयो । कुम्हालेले सो बालक आउनासाथ उसलाई दुई टुक्रा पारी, काटकुट पारी माटोको भाँडामा राखी, अवालभित्र हाली हत्तरपत्त आगो लगाइदियो ।

उता घोषक कुमारले गुच्चा खेली धेरै रोटी जित्यो । भाई आउला भनी धेरैबेर सम्म बाटोमा पर्खिरह्यो । साँझ परिसक्दा पनि भाई चाहिं फर्केर नआएकोले उ कुम्हालेको घरतिर हेर्न गयो । उसलाई त्यहाँ नदेखेपछि "घर फर्किसक्यो होला" भन्ने विचार गरी आफू पनि सरासर घर फर्क्यो ।

टाढैदेखि घोषक फर्किरहेको देखी कौशम्बिक सेठ चकित भई घोषकलाई "किन तँ कुम्हालेको घर नगएको ? जा तुरुन्त फर्क !" भन्दै गाली गर्दै हप्काउँदा घोषकले विनम्रतापूर्वक आफू गइरहेको बेलामा भाई चाहिंले आफूलाई बाटोमा देखी उसले सारै जिद्दी गरेको हुँदा आफू गुच्चा खेली उ कुम्हाले कहाँ गएको कुरा सुनाउने वित्तिकै आफ्नो ज्यू भरी तातो पानी खन्याइ दिएको जस्तो टाढैदेखि सेठ चिच्याउँदै "पख पख" भन्दै कराउँदै कुम्हालेको घरमा आएको देखी कुम्हालेले "धेरै हल्ला नगर्नुहोस्, काम सबै सिद्धि सकेको छ" भनी सेठलाई सुनाउने वित्तिकै सेठ त्यहीं बेहोस् भयो । त्यहाँदेखि उसको चित्त र मगज बिग्री पागल हुन थाल्यो । त्यसपछि चाल्नी जस्तै हृदय लिई सेठ घर फर्क्यो ।

चित्त विक्षेप भएर छटपटिएका सेठ बहुला जस्तो भइसकेपछि पनि उसको विचारधारा भने परिवर्तन हुन सकेन । पाप चेतनाले ग्रसित उसको मनले प्राण रहुञ्जेल घोषकलाई मार्ने लक्ष लिंदा लिंदै षडयन्त्र गर्दा गर्दै घोषक कुमार तन्नेरी भइसकेको थियो ।

एकदिन सेठले घोषकलाई एक गाउँमा पठायो । टाढा पर्ने उक्त गाउँ सेठको आफ्नो सम्बन्ध रहेको गाउँ थियो । उक्त गाउँको मुखियालाई चिठ्ठी लेखी उक्त चिठ्ठीमा यो पत्र लिएर आउने व्यक्तिलाई मारिदिनु भनी घोषकको मृत्युको संदेश उल्लेख गरिएको उक्त चिठ्ठी घोषकको लुगाको तुनामा बाँधेर पठाइयो । घोषक विचरो आफ्नै मृत्युको सन्देश बोकी सो गाउँमा पुग्यो । एकैदिनमा सो गाउँमा पुग्न नसकिने भएकोले घोषकले सेठसंग विनम्रतापूर्वक बाटो खर्च माग्यो । सेठले उसलाई बाटो खर्च नदिईकन बिच बाटोको एक गाउँ जहाँ उसको साथी सेठको घर रहेछ, उक्त सेठको घरमा बास बसी भोलिपल्ट मात्र उक्त गाउँमा जाने सल्लाह दिएर पठाए ।

सीधा साधा, अनपढ, र आज्ञाकारी घोषक कौषम्बी सेठको साथीको घर खोज्दै उक्त घरमा पुगे । त्यसबेला सेठ दाऱ्ही खौरंदै थियो । घोषकले सो सेठलाई नमस्कार गर्दै आफ्नो परिचय दियो । सेठले आफ्नो साथीको छोरो भन्ने थाहा पाई अति खुशी भयो । सो सेठको पन्ध्र सोऱ्ह वर्षकी एक सुन्दरी छोरी थिइन् । त्यसबेला सेठले फूल किन्न बाहिर जान लागेकी नोकरनीलाई उक्त काम पछि गरी पहिला घोषकलाई बस्ने कोठा तयार पार्ने आदेश दिए । सेठले अऱ्हाएको काम गरिसकेपछि उनी फूल किनेर सेठकी छोरीलाई टक्राउन जाँदा सेठकी छोरीले फूल अबेर ल्याएको कारणले गाली गर्दै अबेर भएको कारण सोध्न थालिन् । नोकरनीले अवेर भएको सबै कारण खुलस्त बताइन् ।

"घोषक" भन्ने नाम सुन्ने वित्तिकै सेठकी छोरीको मनमा अति गहिरो प्रेमभाव उत्पन्न भयो । उक्त कुमारी आफ्नी दासी संगै घोषक कुमार सुतिरहेको कोठामा हेर्न गइन् । त्यसबेला उनको आँखा घोषकको छातीनेर तुनामा बाँधिराखेको कागजको टुक्रोमा पऱ्यो । टुनामा बाँधिएको कागज देखेर आश्चर्य मानी कुमारीले सो कागज झिकी त्यसमा लेखिएको विषय पढ्न थालिन् । उक्त कागज भित्र

यस्तो लेखिएको रहेछ -

"यो पत्रबाहक मेरो घरको एक कुजात पुत्र हो । यसलाई मारी चर्पीको खाडलमा गाडेर पठाउनु । त्यसको खबर पठाएमा तिमी मबाट पुरस्कृत हुनेछौ ।"

पत्र पढेर कुमारीलाई अति दुःख लाग्यो । कौशाम्बि सेठको षडयन्त्रलाई जानी उक्त केटीले उक्त पत्र च्यातेर यसरी अर्को पत्र लेखिन् -

"यस पत्रवाहक मेरो जेठो छोरो हो । तपाइँ गाउँलेहरू सबै मिली फलाना गाउँकी सेठकी कन्या कुमारी मागी विवाह मङ्गल गरी मलाई सूचना पठाउनु होस् ।"

यस पत्र लेखी उक्त कुमारीले घोषकको तुनामा बाँधिदिइन् ।

भोलीपल्ट सो गाउँमा पुगी गाउँको मुखियालाई घोषकले पत्र दियो । पत्र पाई गाउँका मुखिया सहित सबै गाउँलेहरू अत्यन्त खुशी भए । अनि पत्रमा उल्लेख भएनुसार घोषकसंग पत्र लेख्ने कन्या मागी विवाह मङ्गलोतसव सिद्धाई कौशाम्बिक सेठ कहाँ खबर पठाए । उक्त खबर पाएपछि कौशाम्बिक सेठ अति नै दुखी बने । चिताए झैं एउटा काम पनि नभएको र सबै उल्टो उल्टो मात्र हुन पुगेको देखी सेठले घोषकलाई छिटो घर फर्किनु भनी खबर पठायो ।

घोषककी पत्नीले उक्त गाउँका सबै मानिसहरूलाई बाहिरबाट आउने कुनै पनि खबर पहिला मलाई नबताइकन मेरो पतिलाई नभन्नु भनी पहिला नै सूचना दिइराखेकी थिइन् । त्यसैले कौशाम्बिक सेठको खबर पुग्ने वित्तिकै घोषककी पत्नीले घोषकलाई मानमिजास गरी केही दिन पर्खिरहने सल्लाह दिइन् ।

केही दिन पछि कौशाम्बिक सेठबाट फेरि अर्को खबर आयो । उक्त खबरलाई पनि त्यसरी नै आलटाल गरिन् । त्यसपछि पनि अर्को खबर आएपछि उक्त महिलाले कौशाम्बिक सेठको हालखबर सोधन् । सन्देश बाहकले सेठ सिकिस्त भइसकेको खबर सुनाए । त्यसपछि घोषककी पत्नीले घोषकलाई "कौशाम्बीमा फर्कने बेला भयो" भनी खबर गरी त्यसपछिको गर्नुपर्ने कार्यहरू बारे घोषकलाई सल्लाह सुझाव दिन थालिन् । उनीहरू कौशम्बीमा आइपुगेको दिन सेठको मृत्यु भयो ।

आफ्नो अन्तिय घडीमा सेठले खजाञ्चीसंग आफ्नो नगद सम्पत्ति कति छ भनी सोधन भ्यायो । यस प्रश्नको उत्तरमा खजाञ्चिले सम्पत्ति चालीस कोटी भएको जानकारी दिने वित्तिकै सेठले उक्त नगद सम्पत्ति घोषकलाई नदिनु भन्ने मनसायले कुरा गर्दा, स्वर सानो भएकोले होला सुन्ने व्यक्तिहरूले उक्त सम्पत्ति घोषकलाई दिनु भन्ने अर्थ बुझे । यत्तिकैमा सेठको प्राण गयो ।

यसरी घोषक कौशम्बीको सेठ हुन पुग्यो । फलस्वरुप राजाले घोषक कुमारलाई बोलाउन पठाई चालीस कोठी धबमा मालिकको रुपमा श्रेष्ठीपद दिई सम्मान गरियो ।

***(यस घटनाबाट प्रष्टिन्छ, आफूले रोपेर आएको कर्मफललाई कसैले मेट्न सक्दैन । राम्रो कर्मको राम्रै फल आउँछ भने नराम्रो कर्मको नराम्रै फल प्राप्त हुने रहेछ । - सं.)***

## *आवरण चित्र परिचयको बाँकी अंश ... ...*

राजकुमारहरूले पनि आफ्ना पूर्वजहरूलाई अपमानित शब्द प्रयोग गरिएको कुरा थाहा पाएपछि उनीहरूको रगत तात्न थालियो । "हाम्रा पूर्वजहरूलाई गाली गरे उनीहरूले ? यसको बदला त लिनै पर्छ ।" भन्दै दुबैतर्फका नवयुवकहरू क्रोधको वसमा गई क्रोधित बन्दै तलवार र भाला बोकी आ-आफ्नो क्षेत्रको नदीतटमा जम्मा हुन पुगे । एकले अर्को समूहलाई युद्धको लागि ललकार्न थाले । यो विकट परिस्थितिले रक्तपातको भयावह संकट उपस्थित हुने देखियो । भगवान् बुद्धले यस भयावह स्थिति सृजना हुन खोजेको खवर पाउने बित्तिकै उक्त स्थानमा पुग्नुभयो । आफ्नो परिवारको यस पूज्य महापुरुषलाई देख्ने वित्तिकै दुबै पक्षका योद्धाहरू झस्किन थाले । लज्जित हुन थाले । फलस्वरूप उनीहरूले आ-आफ्ना हातमा बोकेका हातहतियारहरू विस्तारै जमीनमा राखी उहाँलाई वन्दना गर्न थाले । त्यस समयको प्रचलित प्रथा थियो यो ।

भगवान् बुद्धले उनीहरूलाई धर्मउपदेश दिनुभयो । हिंसाको दुगुर्ण र अहिंसाको सद्‌गुण बताउनुभयो । उनीहरूलाई भगवान् बुद्धले नदीको पानीको तुलनामा शाक्य र कोलिय युवाहरूको रगत बढि मूल्यवान् रहेको विषयमा प्रष्टाउनुभयो । कुनै पनि मानिसको रगत ज्यादै मूल्यवान् रहेको कारणले यसलाई व्यर्थमा नबगाउन सल्लाह दिनुभयो । भगवान् बुद्धबाट ज्ञान प्राप्त गरी दुवै पक्षका योद्धाहरूको शीर झुके । युद्ध टलियो । रक्तपात भएन । *स्रोत- बुद्ध जीवन चित्रावली*


भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## ६. पछ्याइ

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**
*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

गणेशकुमारी र मानकाजी बसेको मोटर गुडेपछि, उनीहरूको सामान पुऱ्याउन गएको नोकर कृष्ण नारायणले टाढा हुँदैगइरहेको मोटरलाई टोलाएर देखिन्जेल हेरिरह्यो। मोटर नदेखिने भएपछि मात्र ऊ घरतिर फर्क्यो। तर यसरी फर्किरहेको उसको मनमा एक प्रकारको भय पलाउन थाल्यो। किनभने मानकाजी र गणेशकुमारी कहाँ गएका, किन गएका उसलाई केही थाहा थिएन। उसलाई मानकाजीले एक्कासि उठाएर सामान बोकाएको थियो। उनीहरूको कुरा गराई सुन्दा र छाँटकाँट देख्दा उनीहरू घरमा कसैलाई थाहा नदिइकन गएका हुन् कि भन्ने कुरो उसको मनमा सलबलाएको थियो।

घरनेर पुग्दा दहिलो ह्वाङ्ग उघारिएको त्यो घर उसलाई भूताहा घर जस्तो लाग्यो। ऊ हतार हतार ढोका थुनी चुकुलहरू लगाई माथि गयो। ओढ्नेले घुमलुङ्ग ओढी फेरि सुत्ने प्रयासमा लाग्यो।

ऊ त्यो घरमा पालिएको कति वर्ष भएको थियो, त्यो उसलाई थाहा थिएन। ऊ सानै उमेरमा टुहुरो भएको थियो। उसको कुनै आफन्तले उसलाई त्यो घरमा राखिदिएको थियो। ऊ भर्खर त्यो घरमा आउँदा एक खर्पनमा एक एक ओटा देढ धार्निको गाग्रो मात्र राखेर बोक्ने सामर्थ पनि उसमा थिएन। अहिले ऊ बीस, पच्चीस धार्निको बोझ पनि सजिलै बोक्नसक्ने भइसकेको थियो। अहिले उसको एकमात्र काम भारी बोक्नु नै थियो।

प्रत्येक दिन बिहानभर ऊ कालिगढहरूकहाँ पत्रु पुऱ्याउन जान र कालिगढहरूकहाँबाट तयार भएको भाँडाकुँडा घर ल्याउनमा व्यस्त हुन्थ्यो। अनि बिहानको खाना खाइसकेपछि नयाँ भाँडा-बर्तन लिएर काठमाण्डौंको पसलमा जानु र काठमाण्डौंबाट त्यहाँ जम्मा हुनआएका पत्रु घर ल्याउनु, त्यही उसको काम थियो। उसको त्यस प्रकारको मेहनतको फलस्वरूप ऊ हर्षमानको प्रिय पात्र भइसकेको थियो भने वर्षौंदेखि त्यो घरमा रहिआएको कारण उसलाई पनि त्यो घर र त्यस घरका परिवारहरू आफ्नै जस्तो भइसकेको थियो। अर्को शब्दमा भन्ने हो भने ऊ त्यो घरको एक अभिन्न सदस्य भइसकेको थियो। त्यसैले उसको अन्तस्करणमा विछोडको दुःख पनि पलाएको थियो। यसरी डर र विछोडको मिश्रित भावनाले पीडित उसको निद्रा कोसौं टाढा भाग्यो। आजको घटनामा संलग्न हुनु परेको अघिलो दिन साहूले फर्कनु पर्दैन भनेको नटेरेर अबेर साँझ तेश्रो खेपको पत्रु पनि पुऱ्याउन आएकाले लागेको बेछुक होला भनी उसको पीडित मनले सम्झ्यो। बेछुकबाट बच्ने उपाय सोच्दै जाँदा घटेको घटानालाई सपना सम्झी बिर्सिदिनु नै बेस हुने उसले देख्यो। त्यसरी सबै कुरो मनबाट पन्छाउनु सरल पनि थियो। उसले भित्रबाट लगाएर आएको दहिलोको चुकुलहरू उघारिदिए पुग्थ्यो। किनभने ऊ त्यो घटनामा संलग्न भएको देख्नेहरू घरबाट बाहिर गएका गणेशकुमारी र मानकाजी बाहेक अरू कोही पनि थिएन। त्यसैले ऊ फेरि उठेर गयो र दहिलोको सबै चुकुलहरू खोलिदियो। त्यसरी चुकुल खोलिदिएपछि उसको मनको सबै बोझ बिसाइदिए झैं भयो। अनि ऊ फेरि माथि आएर निदायो।

ऊ निदाएको धेरै बेर नहुँदैमा कसैले मूल ढोका घ्वाराङ्ग उघारेको स्वरले ऊ फेरि झस्याङ्ग बिउँझ्यो। उसको कानमा शब्दहरू कनसुत्लो झैं घुस्न थाल्यो।

“यति सबेरै को बाहिर गएको ? दहिलोमा चुकुल किन नलगाएको ? के ताल हो यस्तो ? चोर पसेर भएभरको चोरेर लगेपनि कसैले चाल पाउने रहेनछ।”

त्यसरी कराउँदै भऱ्याङ्ग उक्लने घरको मूली हर्षमान नै थियो। त्यसैले निद्राबाट बिउँझे पनि, डरले काँपेर ऊ अझै ओछ्यानमै पल्टिरहयो।

त्यो आवाजले धनकाजीलाई पनि बिउँझाइ दिएको थियो। धनकाजी बिउँझने बित्तिकै जुरमुरिएर उठ्यो र हतपत कोठा बाहिर निस्क्यो। आफ्नो बुबा

त्यति सबेरै काठमाण्डौबाट फर्किएकाले ऊ नराम्रोसित आत्तिएको थियो । उसले आफ्नो बुबासँग सोध्यो– "के पऱ्यो बुबा ? किन यति सबेरै फर्कनु भएको ?"

किन हो कुन्नि, हर्षमान पनि निकै आतङ्कित र चिन्तित देखिएको थियो । उल्टो उसैले प्रश्नहरू बर्षायो – "तिम्री बहिनी खोई ? ... तिम्री आमा खोई ?".... यति सबेरै ढोका उघारेर को बाहिर गएको ?"

बाबुको सोधाइबाट धनकाजी निकै झस्क्यो । 'म तपाईंलाई आफ्नो निर्णय भोलि थाहा दिनेछु ।' – आफ्नी बहिनीका यी शब्दहरू उसको कानमा गुँजिए । अनि ऊ हतार हतार आफ्नी बहिनीको कोठातिर लाग्यो । गणेशकुमारीको कोठा ह्वाङ्ग उघारिएको थियो । कोठाभित्र कोही पनि थिएन । अनि ऊ झन आत्तियो । ऊ तुरन्त आमाको कोठानिर गएर कराउन थाल्यो । – "आमा ! ... ए, आमा !! .... आमा ? के तपाई अझै उठ्नु भएको छैन ? .... बुबा काठमाण्डौबाट फर्कनु भएको छ । उहाँ तपाईलाई बोलाउँदै हुनुहुन्छ ।"

हीराथकूँ कहिले बिउँझेकी थिई या ऊ रातभर सुतेकी पनि थिई कि थिइन, त्यो एउटी साँच्चैको मातृहृदय भएकी आईमाईलाई मात्र थाहा हुनेछ । तर छोराको बोलाहटको कारण बाध्य भएर कोठा बाहिर निस्केको हीराथकूँको मुखाकृति र हिंडाइबाट स्पष्ट थाहा हुन्थ्यो– बाबु-छोरा बीच भएको सबै कुरो सुनेर पनि ऊ सुन्यानसुने झैं गरी कोठाभित्र बसिरहेकी थिई । उसलाई देख्ने बित्तिकै हर्षमानले उसँग सोध्यो– "तिम्री छोरी खोई ? ... आखिर तिमीले उसलाई पठाएरै छोड्यौ ? ... कस्ती निष्ठूरी तिमी ?..." – यी प्रश्नहरू गर्दागर्दै उसको घाँटी सुक्दै गयो । उसले चाहेर पनि शब्दहरू ओकल्न सकेन । उसका आँखा पनि रसाएर आए ।

हीराथकूँले पनि हर्षमानका प्रत्येक प्रश्नको उत्तर मौन भएरै दिई ।

भावावेशमा मौन रहेका आमा र बाबु बीचको मौनता धनकाजीले तोड्यो– "हिजो बेलुकी खाना खाएपछि साथीहरूसित कुराकानी गर्दागर्दै एकजना साथीबाट बुबा घरमा नहुनु भएको मौकापारी गणेशकुमारी बर्मा जान घरबाट निस्कँदैछे भन्ने सुइँको पाएको थिएँ । त्यसैले तुरन्त घरमा फर्केर त्यसबेलासम्ममा सुतिककेकी गणेशकुमारी लाई उठाएर भएपनि निकैबेरसम्म सम्झाएको थिएँ । मामालाई पनि बोलाउन पठाएर मामाद्वारा पनि सम्झाउन लगाएको थिएँ । अन्तमा उसले कुरा मानेको झैं गरेकी थिई । तर त्यो त आँखामा छारो हालेकी मात्र रहेछ । ....

.... भित्रभित्रै साथ दिनेहरू थुप्रै भएपछि उसको साहस नबढोस् पनि किन ? ....

....एक जना दाजुले आफै पुऱ्याइदिने आश्वासन दिएपछि अर्को दाजुले रोकेर के रोकिन्थे ?...."

छोराको कुराबाट, छोरीलाई पठाउने काममा आफ्नी श्रीमतीले भित्र भित्रै चालबाजी रचेकी थिई भन्ने कुरो थाहा पाएपछि हर्षमानको विरह क्रोधमा परिणत भयो । उसको रीस बिस्फोट भयो– "चाण्डाल्नी ! .... तँ यतिको चालबाजी खेल्ने भईसकीस् ? .... छोरा र छोरीलाई पठाएर तँ मात्र के खान यहाँ बसिरहेकीछस् ? .... तँ आफै पनि गए हुन्थ्यो नि । तेरा अरू छोराहरू पनि साथै लिएर गए पनि हुन्थ्यो नि । .... सत्यानाशी ...."

– बढ्दो रीसको आवेगले हर्षमानको कण्ठ सुक्यो ।

हटपटी नरिसाउने हर्षमान रिसाएपछि नराम्रोसित रिसाउँथ्यो । ऊ त्यसरी रिसाएपछि उसको अगाडि नपरी उसलाई रीस मार्ने अवसर दिनुपर्छ भन्ने कुरो हीराथकूँलाई राम्ररी थाहा थियो । त्यसैले ऊ चुपचापसित त्यहाँबाट खस्की । त्यसरी हीराथकूँ त्यहाँबाट हटेपछि हर्षमानले आफ्नो उम्लँदो रीस मार्ने प्रयास गऱ्यो– "मलाई शङ्का त लागेको थियो, एकदिन यसरी जाला भनेर । तर यति चाँडै होला भनेर सोचेको थिएन । त्यसैले हिजो काठमाण्डौको काम हेर्न गएको थिएँ । हिजो राती सुत्दा एउटा नराम्रो सपना देखिएकाले मनको शङ्का अति तिब्र भएर आएको थियो । त्यसैले यति सबेरै एउटा मोटर लिएर आएको हुँ । बाटोमा आइरहेको बेलामा त्यति सबेरै एउटा मोटर उतातिर गइरहेको भेट्दा कतै उनीहरू त्यही मोटरमा त गएका छैनन् भन्ने शङ्का लागेर मोटर फर्काएर पनि हेर्न खोजेको थिएँ । तर त्यो मोटर अगाडि बढाइहाल्यो । मोटर मोडेर भए पनि पछ्याउने विचार नआएको त थिएन । तर त्यो मोटरमा उनीहरू गएका रहेनछन् भने बेकारमा समय खेर जाने भएकाले पहिले घरैमा हेरूँ भनेर आएछु । ....

अहिले तिमी गएर तिम्री आमासँग बुझ्नु-उनीहरू मोटरबाट गएका हुन् कि होइनन् । मोटरमै गएका रहेछन् भने त्यही मोटरमा गएको हुनुपर्छ । त्यो मोटरमा गएका रहेछन् भने थानकोटको कच्ची बाटोमा त्यो मोटर अझै धेरै टाढा गइसकेको हुँदो होइन । अझै पछ्याए भेटाउन सक्ने सम्भावना छ ।"

बाबुको आदेशानुसार धनकाजी आमासँग कुरा

बुझ्न गयो । धाँट कुरा गर्न नसक्ने हीराथकूँले गणेशकुमारी मोटरमा नै जाने कुरो थियो भन्ने कुरो खोलिदिई । त्यति कुरा थाहा पाएपछि हर्षमान र धनकाजीले कति पनि विलम्ब गरेनन् । धनकाजी साइकलमा कुद्‌यो । हर्षमान पनि थानकोट जाने मोटरको खोजमा दगुऱ्यो ।

तर थानकोटको कच्ची बाटोमा जान चाहने मोटर बिरलै मात्र भेटिन्थ्यो । हर्षमानले लाख प्रयत्न गर्दा पनि कुनै ड्राइभरलाई थानकोट जान मनाउन सकेन । ललितपुर शहरभरका, हर्षमानले चिनेजतिका, सबै ड्राइभरले अरूबेलानै गाडी लैजान अप्ठेरो थानकोटको कच्ची बाटोमा रातभर पानी परिसकेपछि कुनै पनि गाडी जानै सक्दैन भनी अडान लिए । गाडी नपाएको कारण लाचारी भएर घर फर्केको हर्षमानले गाडीको खोजमा दौडधुप गरेर थाकेको थकाइ मिटाउन पनि नपाउँदै साइकलमा कुदेको धनकाजी पनि फिर्ता फर्क्यो ।

साइकलमा कुदेर गएको धनकाजीले ललितपुरबाट काठमाण्डौ शहर जाने मूलबाटो छोडेर थानकोटतिर लागेर कालीमाटीसम्म पुग्दा नै उसको साइकल हिलोमा गाडेर चलाउन कठिन भएको थियो । तर पनि हरेस नखाइकन धनकाजीले झण्डै अर्को आधाकोसको बाटो साइकल चढ्दै र दोऱ्याउँदै गरेर पार गरेको थियो । त्यतिञ्जेसम्ममा उसले शहरतिर झरिरहेका गाउँलेहरू भेट्न थालेको थियो । हिलोको कारण हिंड्न पनि मुस्किल भएको बाटोमा साइकल दोऱ्याएर आइरहेको धनकाजीलाई देख्दा शहरतिर झरिरहेका गाउँलेहरूले उपहासपूर्ण दृष्टिले हेरेर जाने गरेका थिए । गाउँलेहरूको त्यस प्रकारको हेराइ पचाउन नसक्ने भएपछि धनकाजीको अगाडि बढ्ने संकल्प डगमगाएको थियो । अनि उसले एकजना बटुवासँग यसरी सोधेको थियो– "तपाई माथि कतातिरबाट आउँदै हुनुहुन्छ, दाइ ?"

हिलोमा साइकल दोऱ्याउँदै उभो लाग्ने धनकाजी प्रति सहानुभुति जनाउँदै त्यो बटुवाले भन्यो– "किन र बाबु ? .... म त बलम्बुतिरबाट झर्दैछु । .... अनि बाबु कता लाग्दै हुनुहुन्छनि ? बाबु उतातिरको त पक्कै होइन । कति कामले यस्तो हिले बाटोमा साइकल दोऱ्याएर आउँदै हुनुहुन्छ ?"

बलम्बु थानकोटभन्दा अलि वरको गाउँ हो । गणेशकुमारी बसेर गएको गाडी उभो लागेको भए त्यो बटुवाले देखेको हुनुपर्छ भनेर धनकाजीले अनुमान गऱ्यो । त्यसैले धनकाजीले भन्यो– "अँ .... एउटा सानो कामले परसम्म जाने भनेर आएको थिएँ । तर बाटो धेरै नराम्रो भएको रहेछ । जान सकुँला जस्तो देखिएन । .... अनि .... एउटा कुरो दाइ ! तपाईंले कुनै मोटर उभोतिर गएको देख्नुभएको छ ?"

"के कुरा गर्नु भएको बाबु ! यो बाटोमा अरू बेलामा नै उस्तो गाडी आउँदैन । अहिले यसरी हिलाम्मे भइसकेपछि कुनचाहिं गाडी आउला ? .... छैन बाबु । यो बाटोबाट कुनै पनि गाडी उभो लागेको छैन । .... जानै सक्दैन ।"

"त्यसोभए तीनओटी केटीहरू, एउटा आइमाई र एकजना केटो माथितिर हिंडेर गएको भेट्नु भएको छ त ?"

"खोइ ! मैले त तिनीहरूलाई पनि देखेको छैन । उभो लाग्नेमा सबैभन्दा पहिलो बाबुलाई नै भेट्दै छु ।"

त्यो बटुवासँग त्यसरी कुरागरेपछि धनकाजीको अगाडि बढ्ने जाँगर बिलकुलै सेलाएको थियो । अनि ऊ त्यहिँबाट घर फर्केको थियो ।

धनकाजीबाट उपर्युक्त तथ्य थाहापाएपछि बाबु-छोरा दुबैजनाले थानकोटको बाटो खराब भएको कारण गणेशकुमारीहरू फेरि काठमाण्डौ या ललितपुरमा फर्केर कतै लुकिबसेको हुनुपर्छ भनेर सोचे । अघिल्लो रातमा गणेशकुमारीबाट लक्ष्मीमाया र उसका छोरीहरू पनि ऊ सँगै जाँदै थिए भन्ने थाहा पाएकोले न उनीहरूकै कुनै आफन्तको घरमा लुकिबसेका हुँदाहुन् भन्ने सोची ती आफन्तहरूको घर घरमा सुराख लगाइयो । तर बिहानभर दौडधुप गर्दा पनि कतैबाट केही सुराक पाइएन । यस्तैमा गणेशकुमारी बसेर गएको गाडी कुनै तरिकाले चन्दागिरी पर्वतको फेदसम्म पुगेर फर्के भन्ने कुरो थाहा हुन आयो ।

झिसमिसे उज्यालोमा चन्दागिरी पर्वत उक्लन थालेको गणेशकुमारीलाई अब फेरि पछ्याएर भेटाउन सक्ने कुनै सम्भावना रहेन । आखिर हर्षमानले सरकारी सहयोग जुटाउन कम्मर कस्नु पऱ्यो । उसले सम्बन्धित सरकारी अड्डामा जाहेरी लेखी गणेशकुमारी र मानकाजीलाई भिमफेदी गढीको चेकपोष्टमा रोक्ने व्यवस्था गराइमाग्यो । हुलियाको भरमा मात्र काम हुने सरकारी माध्यममा मात्र भर नपरी उसले भिमफेदी बजारको एकजना व्यापारी साथीलाई पनि टेलिग्राम पठाई त्यस काममा सहयोग मागी पठायो ।

त्यसरी गणेशकुमारी र मानकाजीलाई चेक-पोष्टमा रोक्नेबारे आवश्यक व्यवस्था गरिसकेपछि उनीहरूलाई चेकपोष्टबाट फिर्ता ल्याउन धनकाजी अर्को दिन चेकपोष्टसम्म जान तयार भयो । *क्रमश:*

# तथागतयागु स्वीनिता महापुरुषलक्षण उत्पन्नया कारण व फल–२



✍ **कुसलञाणी गुरुमां**, रत्न विपश्यना विहार

**७-८. करचरणमुदुजालतालक्खणानि (करचरण मृदु जालता लक्षणहरू)**

तथागतं पूर्वजन्मय् न्हापा **मनुष्य जुया दान, प्रियवचन, अर्थचर्या व समानताया व्यवहार थ्व प्यता संग्रह वस्तुकं मनूतय्‌गु संग्रह यागु खः ।** वसपोलं उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोताः सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुई... वसपोलं अनं च्यूत जुया थन वया थुगु निगू महापुरुष लक्षण लाभ याइ - **मृदु तरुण हस्तपाद, जाल हस्तपाद ।** भिक्षु, भिक्षुणी, उपासक, उपासिका, देव, मनुष्य, असुर, नाग, गन्धर्व परिजन दइ । बुद्ध जुया थुजागु लाभ याना बिज्याइ ।

**९-१० उस्सङ्खपादुद्धग्गलोमतालक्खणानि (उत्सङ्गपाद व उर्ध्वाग्रिलोम)**

तथागतं पूर्वजन्मय् न्हापा **मनुष्य जुया मनुतय्‌त अर्थ सम्बन्धी, धर्म सम्बन्धी खँ कना निर्देश यागु खः, प्राणीपिनिगु हित सुखया नितिं धर्म यज्ञ यागु खः ।** वसपोलं उगु पुण्य कर्म याना मुंकागु विपुलतां शरीर तोता सिइ धुंका सुगति स्वर्गलोकय् उत्पन्न जुइ...वसपोलं अनं च्यूत जुया थन वया थुगु निगू महापुरुष लक्षण लाभ याना बिज्याइ- **उत्सङ्गपाद व उध्वग्रिलोम ।** थुजागु लक्षणं युक्त बुद्ध जुया सकल सत्वपिं मध्ये अग्र, श्रेष्ठ व उत्तम जुया बिज्याइ । ■

**धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना**

| क्र.सं. | २०७९ साल | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | मंसिर १५ गते, बिहिवार बखुंमद अष्टमी | सुवण्णवती | सुवण्णवती |
| २ | मंसिर २२ गते, बिहिवार यःमरि पुन्हि | पञ्ञावती | धम्मवती |
| ३ | पौष १ शुक्रवार अष्टमी, संक्रान्ति | जवनवती | जवनवती |
| ४ | पौष ८ गते, शुक्रवार औंशी | अमता | अमता |

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

१) **दाता रामबहादुर नकःमि, कुपण्डोल, काठमाडौंबाट चन्दा रकम रु. ४,०००/–**

२) **दाता नाती महर्जन पूच्व, यल (पुल्चोक, ललितपुर) बाट चन्दा रकम रु. १०१०/–**

## धर्मकीर्ति पत्रिका विशेष सदस्य

क्र.सं. ९३५

**रामबहादुर नकःमि**
कुपण्डोल, काठमाडौं
रु. २०००/–

## भिंकाः ब्वनादीत इनाप

**धर्मकीर्ति पत्रिका वर्ष ४०, अङ्क ९, बु.सं. २५६६ योमरी पुन्हिया पेज ल्या ८ स उल्लेखित श्रद्धाञ्जली मदुम्ह नीलशोभा ताम्राकार भोताहिटी ज्वीमाःथाय् अन्यथा जुयाच्वंगुलिं थुकी भिंकाः ब्वनादीत इनाप यानाच्वना ।** - सम्पादक



# माझखण्ड विहार भ्रमण : एक स्मरण

✍ **शिशिल चित्रकार**

ललितपुर जिल्लाको दक्षिणभागमा माझखण्ड विहारको भ्रमण अविस्मरणिय नै भयो। उक्त विहार बाग्मती गाँउपालिका, इकुडोल गा.वि.स., वडा नं १५ को अति विकट र दुर्गम स्थानमै भएता पनि दृष्यावलोकन, स्वच्छ हावापानी तथा घरबाट बाहिर गएर धार्मिक पर्यटनको हिसाबले जान मनमोहक नै हुन्छ।

यही २०७९/०८/२० गते विश्वशान्ति विहारका प्रमुख बोधिज्ञान भन्तेको नेतृत्वमा भन्ते, गुरुमां, श्रामणेर उपाशक उपाशिकाहरू गरी करीव ६० जनाको समूह विहान सबेरै काठमाण्डौंबाट हिडेका थियौं।

विहार पुगेको केही क्षणमा भोजनको व्यवस्था भयो। यो बेलामा विहार निर्माता श्री चन्द्र बहादुर स्याङ्गतान तामाङ्गसंगको कुराकानी, विहारमा अवस्थित चैत्यहरू, शिलालेखमा उल्लेख भएको जानकारी पनि निकै भावपुर्ण रहेको मान्न सकिन्छ। श्री चन्द्र बहादुर स्याङ्गतान तामाङ्ग अफिश कार्यकालमा डाँडा वरीपरीका १० गाउँमा कार्य गरेको, विदेशीसंग कार्य गरी विभिन्न कार्यक्रमहरू संचालन गरेको आदि प्रशंङ्ग निकै रोचक, प्रेरक तथा अदभुत र अविश्वनीय छ। अझ विहार निर्माणको शुरुमा निर्माण सामग्री बोकेर ल्याउन पर्ने, एउटा डण्डी एक दिन र आधा बोरा बालुवा दिन भरीमा बोकेर ल्याउने आदि ईत्यादी प्रशङ्ग तथा बीस वर्ष लगाई विहार बनेको, विहार बनेपछि मात्र मोटरबाट आएको घटना पनि निकै रोमांचक छ। वि. सं. २०५६ साल देखि निर्माण शुरु भएको विहार वर्ष २०७६ मा सम्पन्न भएको देखिन्छ। यसो त अझ पनि प्रव्रजित गुरुमां हल र ८० फिट अग्लो बुद्ध मूर्ति निर्माण गर्ने योजना अनुरुप कार्य भइरहेका छन्।

केही बेरको विश्राम पछि सबै लश्करै लाइनबद्धभई पोखरी डाँडातिर लागियो। त्यो डाँडामा भन्ते, गुरुमां, श्रामणेरहरूबाट परित्राण पाठ पश्चात् सबै आधा घन्टा ध्यानमा बसियो। यसरी खुल्ला जंगलमा पनि ध्यान गर्ने सुअवसर मिलेको पनि जीवनको सुखकर क्षणनै मान्न सकिन्छ। तद्परान्त अझ केही माथि डाँडा तिर सबै हिंडेरै गइयो। पहाडको चुचुरो समथर मैदानबाट, साँझको समयमा देखिएको उत्तरतिरका हिम श्रृंखला, चारैतिरका पहाडहरू, पहाड मुनी शुरुभएको हुस्सु, बादलको दृष्य जो सुकैलाई मनमोहक बनाउन प्रयाप्त छ।

डाँडाबाट फर्केर आई फेरी हलमा जम्मा भइ परित्राण पाठ गर्ने कार्यक्रम भयो।

भोली (२१ गते) विहान ५ बजे सबै हलमा जम्मा भई, पंचशील, बुद्ध वन्दना आदि पाठ सहित सामूहिक ध्यान पश्चात् जलपानको व्यवस्था भयो। विहारको माथिल्लो तल्लाबाट विहानी पखको उत्तरतिरका हिम श्रृंखला, चारैतिरका पहाडहरू निकै मनमोहक छ। जलपान पश्चात् पुनः सबै लश्करै लामबद्ध भई विहारको पश्चिम पट्टिको डाँडातिर हिंड्यौं।

केही बेरको हिडाँई पछि तामाङ्गहरूको मृत्यु संस्कार गर्ने चिहानडाँडा पुग्यौं। चिहान डाँडामा पनि आधा घन्टाकोलागि जंगलमा ध्यान बस्ने कार्यक्रम भयो। त्यहाँ मरणानुस्सति पाठ मैत्री पाठ सहित केही धर्म देशना (धूतांगको महत्त्व) समेत भयो। चिहानमा बसेर ध्यान गरेको अनुभव, डर हराउने आदि इत्यादि प्रशंङ्गहरू समेत भए। त्यसपछि पुनः सबै लामबद्ध भई विहारतिर फर्कियौं।

हलमा वडा अध्यक्ष, विहार निर्माता, गाउँलेहरू सहित केही मन्तव्य दिने कार्यक्रम भयो। उक्त कार्यक्रमको मूल लक्ष्य ताइवानको Zheng KuoTemple, Food Aid Project अन्तगर्त भिक्षु Kuang Hsin, बाट प्राप्त ११४ परिवारलाई चामलको बोरा, दाल २ के.जी, र तेलको पाकेट वितरण गर्नु थियो। सोही अवशर पारी काठमाण्डौ लगायत विभिन्न जिल्लाहरूबाट समेत लुगाफाटा संकलन गरी वितरण समेत भयो।

सार संक्षेपः वागमति अंचलमै पनि दुर्गम र विकट स्थानहरू भएको, अति विपन्न जनताहरू रहेको देख्न सकिन्छ। देशको विभिन्न भागमा आन्तरिक पर्यटक,

*( क्रमशः १७ पेजमा हेर्नुहोला )*

(लुम्बिनी नेप्लिज बुद्धधर्म सोसाइटि र युवा बौद्ध समूहद्वारा गाएिको निबन्ध प्रतियोगता-२०२२ मा द्वितीय स्थान हासिल गरेको निबन्ध)

# मानसिक स्वास्थ्यको लागि बुद्ध शिक्षा



✍ दीना कंसाकार

१. **परिचय :**

मानिस अस्वस्थ हुने अथवा रोग लाग्ने दुई कारणहरू छन् । एक शरीरको कारणबाट हुने जस्तै मानिसको भिन्दाभिन्दै अंगमा विकृति देखा परेर हुने रोग । अर्को मनको कारणबाट हुने रोग जस्तै डिप्रेशन, चिन्ता, व्यवहारिक अनमेल, खानपिनको गदीबढी आदि ।

सन् १९४८ मा विश्व स्वास्थ्य संघले स्वास्थ्यको परिभाषा प्रकाशित गर्ने क्रममा "शारीरिक, मानसिक र सामाजिक हिसाबले सामञ्जस्यपूर्ण अवस्था हो जुन केवल अस्वस्थता र असक्षमता नहुनु मात्र होइन ।" भनी टोकिदिएको छ ।

**World health Organization :** Health is a state of complete physical, mental and social well-being and not merely the absence of disease or infirmity.

Aldert Ellis : Anger can have equally disastrous effects on your own life. Left checked it can destroy your closer relationships and undermine your physical and mental health.

यसप्रकार विश्वले मानसिक अस्वस्थता एक प्रकारको अस्वस्थता भनी चिनिएको छ । यो कुरा २६०० वर्ष अगाडि नै भगवान बुद्धले प्रकाश पार्नु भइसकेको थियो । किनकि वास्तवमा भगवान बुद्ध एक चिकित्सक पनि हुन् । तथागत एक मानिसहरूको मनोभावलाई विश्लेषण गरी मार्ग निर्देशन गर्न हुने निर्देशक एवं मनोवैज्ञानिक हुन् ।

आधुनिक युगमा मनोविश्लेषकहरूले अनेक तवरले शारीरिक स्वस्थताको सम्बन्ध मनसँग हुन्छ भनी विश्लेषण गर्न थालेको छ । तर वास्तवमा भगवान् बुद्धले जतिको अति गम्भीराति गम्भीर तहमा पुगेर मनको विश्लेषण गर्न सक्ने अरू कुनै मनोविश्लेषक निस्कन सकेका छैन । किनकि भगवान् बुद्धले पाउनु भएको सर्वज्ञताज्ञान अरू कसैले ज्ञान हासिल गर्न सकेको छैन । जुन केवल सम्यकसम्बुद्धले मात्र हासिल गर्न ज्ञान हो । भगवान बुद्धले मनलाई चेतन, अर्धचेतन, अर्धचेतनको अवस्थालाई विभाजन गरि मनको अवस्थालाई सुक्ष्म रुपले विश्लेषण गर्नु भएको छ । त्यसैले मनको ज्ञानको लागि बुद्धद्वारा देशना गर्नुभएको अभिधर्मलाई अध्ययन गर्नु पर्दछ । बुद्धले मनलाई अकुशलतिर मात्र जान खोज्ने मनलाई कसरी कुशलतिर पनि लग्न सकिन्छ भनी बाटो देखाउनुभएको छ । अकुशल मनले मनलाई अशान्त राख्छ भने कुशल मनले मन आनन्द सुख बनाउँछ ।

२. **आधुनिक साइकोथेरापि**

विश्वनै तनावग्रस्त रहेको आजको विश्वमा मनोविज्ञान विषयकै व्यापकता बढेको देखिन्छ । जति नै आधुनिक सुख सुविधाको सामग्री भोग गरेतापनि मानवले मनको सुख अनुभूति गर्न नपाएर मानसिक तवरले रोगी हुनेको संख्या दिनानुदिन वृद्धि भइरहको तथ्याङ्कले देखाउँछ । आजको प्रसंगमा विश्वमा मानसिक विकार बढ्दै गइरहेको छ । यसको लागि विभिन्न सर्वेक्षक्षण भइरहेको छ । यसबाट विश्वव्यापी रुपमा मानिसहरूको जागरुकता, मान्यता, उपचारको सुधार गर्दै लानु पर्ने अनुसन्धानबाट देखाइएको छ । सन् २०१७ मा मानसिक अस्वस्थताहरू सम्बन्धमा अनुसन्धान गर्दा ७९,२०,००,००० मानिसहरू यस रोगबाट ग्रस्त तथ्याङ्कले जनाइएको छ । यसप्रकार विश्वमै बढ्दो मानसिक रोगीको उपचारार्थ आधुनिक युगमा विभिन्न मनावैज्ञानिक अन्वेषणमा मनको बारेमा विभिन्न तवरले विश्लेषण गरिएको पाइन्छ साथै मानसिक विकासको लागि मनोचिकित्सक विभिन्न सिद्धान्तहरू अपनाइएका छन् ।

**Psychoanalysis and Psychodynamic Therapies :**

यस सिद्धान्तले मानसिक विरामीको समस्याग्रस्त, व्यवहार भावनाहरू र विचारहरू पत्तालगाइ तिनीहरूको व्यवहारहरूलाई मध्यनजर गर्दै उपचार गरिन्छ । यस सिद्धान्त अनुसार विरामी र चिकित्सक छलफल गरि चिकित्सकले विरामीको समस्या छलफलबाट पत्ता लगाइन्छ ।

**Behavior Therapies :**

यस मनोविज्ञान विश्लेषण अर्न्तगत विरामीको व्यवहार सामान्य वा असामान्य भनी छुट्याइ उपचार गरिन्छ ।

**Cognitive Therapies :**

यस अर्न्तगत विरामीको विचार गर्ने तरिका र व्यवहारको अध्ययन गरिन्छ ।

**Humanistic Therapies :**

यस सिद्धान्तले मानिसहरूको क्षमता र उनीहरूको इच्छालाई विकास गर्ने र उनीहरूको भावना कदर गरी विश्लेष्ण गरिन्छ ।

**Integrative or Holistic Therapies :**

यस अन्तर्गत विरामीको समग्र स्वरुप हेरी उपचार गरिन्छ ।

**३. बुद्धको मनोविश्लेषणात्क शिक्षा :**

आधुनिक विश्वमा मनोवैज्ञानिकहरूको प्रयास जारी छ । यहाँ यस निबन्धमा मानसिक स्वास्थ्य कसरी स्वस्थ राख्ने, मनलाई विचलित रहन नदिन अर्थात् अस्वस्थ भएमा पनि यसको निराकरणको लागि भगवान बुद्धले विभिन्न विधिहरू देशना गर्नुभएको चर्चा गरिने छ । यसका लागि बुद्धद्वारा देशना गर्नु भएको सान्दर्भिक उपदेशहरू प्रस्तुत गरिनेछ ।

**धम्मपदको गाथा :**

**दिसो दिसं यं तं कयिरा–वेरी वना पन वेरिनं**
**मिच्छा पणिहितं चित्त–पपायियो नं ततो करे**[1]

शत्रुले शत्रुलाई जति हानि पुऱ्याउँन सक्छ, त्यो भन्दा बढता हानि कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ।

यस धम्मपद गाथाको तात्पर्य अनुसार शत्रुले जति हानी पुऱ्याउँछ त्यो भन्दा बढि आफ्नो मनमा रहेको क्लेशले हानी पुऱ्याउँछ । त्यसैले जब सम्म आफ्नो चित्त सफा गर्न सक्दैन त्यस मानसिक रोगी भैं हुन्छ । यसरी दुषित मनको कारणले गर्दा शरीरमा असर पर्दछ । यसबाट प्रष्ट गर्न सकिन्छ कि जबसम्म आफ्नो मन सफा गर्न सक्दैन उसको मन कहिले शान्त हुँदैन ।

बुद्धको ज्ञान अनुसार मनुष्य जीवनमा सबभन्दा महत्वपूर्ण कारक तत्व भन्ने नै मन हो । शारीरिक र वचनको क्रियाकलाप उत्पति नै मनबाट शुरु हुन्छ । जस्तो कि मनमा उत्पन्न भइरहने विभिन्न भावनाको लहरले क्लेशयुक्त चित्तले हुने मानसिक रोग ।

भगवान् बुद्धले भन्नुभएको अनुसार शरीरको कारणबाट हुने रोगलाई औषधिले निको पार्न सकिन्छ भने मनको रोगलाई धर्मरुपी औषधि गरेर मात्र निको पार्न सकिन्छ । मनमा उत्पन्न भइरहने भावनाले पनि मानिसको शरीरमा असर पनि परिरहेको हुन्छ ।

**सकारात्मक सोचको अभिवृद्धि –**

मनमा भइरहने नकारात्मक सोचले मानसिक तनाव हुँदै जान्छ भने सकारात्मक सोचको अभिवृद्धिले मानसिक स्वास्थ्यमा विकास गर्न सहयोग गर्दछ । बुद्धधर्मले मानवीय दृष्टिकोणले हुनुपर्ने शान्तिको निमित्त मानव मानव बीचमा एक आपसी मैत्री सम्बन्ध सम्पर्क बढाउन सकारात्मक भावनालाई अभिवृद्धि गर्दै लाने कुरामा जोड दिन्छ ।

मानसिक सुख र शान्ति पाउन आशक्ति कम गर्नु –

भगवान बुद्धको मुख्य शिक्षा भनेकै आशक्ति कम गर्नु हो । आशक्तिले मानसिक तनाव बढ्छ । जब त्याग गर्ने भावना वृद्धि हुन्छ, निस्वार्थता र सबैको कल्याण गर्ने भावनाले चित्त र चित्तको परिकल्पनालाई फराकिलो बनाइदिन्छ तब जीवनमा साँच्चैको सुख र शान्ति प्राप्त गर्न मदत गर्दछ ।

**पञ्चशीलको अभ्यास –**

भगवान बुद्धले मानसिक स्वस्थ राख्नको लागि पञ्चशील अभ्यासलाई जोड दिनुभएको छ । पञ्चशीलले हिंसा, चोरी व्यभिचार नगर्न, झूठो नबोल्नु, जाँड रक्सी नखानु आदिले सदाचारी जीवनको बाह्य जगतसँग तादम्य मिलाउन सहायता गर्छ । सही वचन र व्यवहारले मानिस-मानिस बीच र अरू प्राणी बीच सौहार्दता अभिवृद्धि गर्छ । यसले मानसिक विकासको अवलम्बन गर्न मदत गर्दछ ।

---

१. भिक्षु महानाम 'कोविद', धम्मपद धर्मोदय सभा प्रकाशब, २०४९

**चतुब्रम्हविहारको अभ्यास :-**

भगवान बुद्धले मानसिक स्वस्थ राख्न चतुब्रह्मविहारको देशना गर्नुभएको छ। चतुब्रह्मविहारले व्यक्तिलाई उच्च मानसिक अवस्थासम्म पुऱ्याउँदछ। चतुब्रह्मविहार[२] अन्तर्गत मैत्री, करुणा मुदिता र उपेक्षा पर्दछन्। मैत्री भन्नाले निस्वार्थ प्रेम, मित्रता, सहानुभुति स्नेहयुक्त, अरूलाई हानी पुऱ्याउने इच्छाको दमन गर्नु आदि हुन्। यसरी अरूको भलो चिताउनु पनि एक किसिमको मानसिक आनन्दको क्षण हो।

मैत्री : मैत्रीयुक्त कार्यकर्म, वचीकर्म, मनोकर्म जति जति प्रयोग गर्न सकिन्छ, उति उति नै मनमा भएको अनैतिक स्वार्थान्धिता, सकीर्णता अहंभाव, आघात, रिस क्रोध आदि मानसिक विकारहरू हट्दै जान्छन्। जति जति मनमा द्वेष हुन्छ उति मन पोल्ने हुन्छ। त्यसैले मैत्री प्रयोग र अभ्यास गर्दै लग्न सकेमा मानवीय असल गुणहरूद्वारा मानसिक स्वस्थ रहन मदत पुग्दछ।

करुणाः अर्काको दुःखमा दुःख हटाउन लाग्नुलाई करुणा भनिन्छ। अरूको दुःखकष्टमा सहयोगी भूमिका खेल्दा पारस्परिक सहयोगको भावनाको विकास हुन्छ। यस्तो चित्तले मनमा दया माया उपकार भावना उत्पन्न हुन्छ।

मुदिता : अरूको उन्नति, प्रगति र सुखमा खुशी हुनु, दुःखी नहुनु र इर्ष्या नगर्नु नै मुदिता हो। मुदिता भावको विकासले कुशल कर्म बढ्छ। तर मुदिताभाव विपरित क्रोध इर्ष्याको भावनाले भित्रभित्रै जलाउँदछ भने मान्छेहरूलाई मानसिक तनाव बढ्।उँछ जसले गर्दा झन झन अकुशलतिर दोऱ्याउँदछ।

उपेक्षा : तटस्थ भाव राख्नुलाई उपेक्षा भनिन्छ। प्रतिकूल परिस्थितिमा मन असन्तुलित हुन नदिनु, बदला र प्रतिहिंसा भाव उत्पन्न नगर्न समान व्यवहार गर्नु हो। मनको यस्तो अद्भूत, अतुलनीय र अद्धितीय अवस्थामा स्थिर रही मानसिक विकासमा ठूलो टेवा पुग्दछ।

अष्टलोक धर्म : प्रत्येक मानव जीवनमा विभिन्न प्रकारको उत्तारचढाव भइरेको हुन्छ। जसको कारण मानसिक तनावले मानव जीवनमा मनमा दुःखको क्षण उत्पन्न हुन्छ। यसरी जीवनमा आउने उथल पुथलबाट मन कम्पित हुन नदिन भगवान बुद्धले मंगल सुत्तमा अष्टलोक धर्म देशना गर्नु भएको छ।

**"फुट्ठस्स लोक धम्मेहि, चित्तं यस्सनं कम्पति।[३]**
**असोकं विरजं खेमं एतं मङ्गलंमुत्तमं॥"**

लोकधर्मबाट चित्त कम्प नहुनु, शोकरहित हुनु, मयल(क्लेश) बाट मुक्त हुनु निर्भयी हुनु यी मङ्गल हुन्। जिन्दगीमा छ इन्द्रिय (आँखा, कान, नाम, जिब्रो, काय शरीर र मनको) द्वारबाट विभिन्न किसिमको बाहिरी क्रियाकलापबाट मानसिक तनाव भइरहन्छ। यस्तो समयमा अष्टलोक धर्मलाई बुझि मनमा कम्पित नहुन भगवान बुद्धले देशना गर्नुभएको छ।

चतुआर्य सत्य र आर्य अष्टाङ्गिग मार्ग :-

भगवान बुद्धले मानवहितको लागि आधारभूत शिक्षा चतुआर्य अभिबोध गर्नुभयो। जस अनुसार जीवन र संसारमा दुःख छ अर्थात् समस्या छ। जन्म हुनु, बुढा हुनु पर्ने रोगव्याधि हुने र मृत्यु हुनु पर्ने। यसको मुख्य कारण भनेको तृष्णा हो।

"मग्गानट्ठङ्गिको सट्ठा सचचांन चतुरो पदा"[४]

मार्गमध्ये अष्टाङ्गिक मार्ग श्रेष्ठ छ। सत्यमध्ये चार आर्य सत्य, धर्ममध्ये वैराग्य श्रेष्ठ र मनुष्यमध्ये आँखा भएको ज्ञानवान श्रेष्ठ छ।

आर्य अष्टाङ्गिक मार्गलाई तिन भागमा विभाजन गर्न सकिन्छ।

(१) शील – सम्यक वचन, सम्यक कर्म, सम्यक आजिविका।
(२) समाधि – सम्यक व्यायाम, सम्यक सम्यक स्मृति, सम्यक समाधि
(३) प्रज्ञा – सम्यक दृष्टि, सम्यक संकल्प।

यी सबैका कारक मूलश्रोत भन्ने नै मन हो भनेर भगवान बुद्धले प्रष्ट भन्नुभएको छ। शीलले व्यक्ति र समाज अनि भौतिक र आध्यात्मिक विकास र उन्नतिका लागि अति नै महत्वपूर्ण र उपयोगी छ।

समाधिले मनलाई एकाग्र गर्ने वशमा राख्दछ। नियन्त्रणमा ल्याउने काम गर्दछ। मनलाई नियन्त्रण गर्न नसकेमा शीलको पालना गर्न गाह्रो हुन्छ। एकाग्र नभएको

२. मानन्धर मदन रत्न, धर्म व व्यवहार, भाजु रत्न-अष्टमाया स्मृति प्रकाशन,वि.स.२०७५
३. मानन्धर मदन रत्न, (अनु) परित्राण, भाजुरत्न-अष्टमाया स्मृति प्रकाशन, वि.सं २०७६
४. महास्थविर धर्मगुप्त (अनु), धम्मपद- अट्ठकथा सुनाकोठी ललितपुर, नेपाल, वि.सं २०७६

मन, तृष्णाले भरिएको अशुद्ध मनको कारणले नै मान्छेले मानसिक तनावको दुःख भोग्नु परेको हुन्छ ।

प्रज्ञा : दुःखको मूलश्रोत तृष्णा हो । विगत र भविष्यको चिन्ताबाट मनलाई वर्तमानमा टिकाएर समाधि लाभ गर्नाले प्रज्ञाको विकास हुन सक्दछ ।

यस शील समाधि र प्रज्ञाको अभ्यासले मानिसमा हुने दुःखको कारण भोग्नु पर्ने तृष्णाबाट मुक्त हुन्छ । मनमा जम्मा भएको राग, द्वेष र मोहका संस्कारहरूलाई जरैदेखि उन्मूलन गरी दुःखबाट गर्ने तत्व नै प्रज्ञा हो ।

**मानसिक स्वास्थयको लागि ध्यान :-**

बुद्धशिक्षामा ध्यानको सबभन्दा महत्वपूर्ण स्थान छ किनभने ध्यानबाट यथार्थ सत्यको अभिबोध हुन्छ । बौद्ध मनोविज्ञानले मानिसको चित्त, मन, मानिसको चरित्र विकासका लागि Mindfulness को सन्देश दिएको छ । यो विधिले आजको पश्चिमी मुलुकहरूमा विभिन्न मानसिक रोगहरूको रोकथाम, उपचार र मानसिक प्रवर्द्धनका लागि अन्य साइकोथेरापि विधि जस्तै र अझ बढि प्रभावकारी देखिएको छ ।

**मन विशोधन विधिको लागि विपश्यना ध्यान :**

मानिसको मन प्रमुख हुन्छ । मानिसले जुन कार्य गरे पनि मनबाट शुरु हुन्छ । चाहे त्यो राम्रो होस् नराम्रो होस् । त्यसैले मन शुद्ध गर्नु अति आवश्यक हुन्छ । ध्यान गर्‍यो भने मन बलियो हुन्छ । ध्यानले मानसिक तनावलाई मुक्त गर्न सक्दछ । ध्यान गर्नु भनेकै मनलााई एकाग्रता गर्नु हो । त्यसपछि शरीर र मनको यथाभूत स्वभाव र क्रियाको निरिक्षण गर्ने, यस स्वभाव र धर्मको आधारमा अनित्य-दुःखमय निस्सार स्वभाव बुझ्नु हो । यस किसिमले त्यसप्रति उत्पन्न हुने गहिरो आशक्तिहरूबाट अलग्ग भइ मुक्त जीवन जिउनु नै विपश्यना भावनाको अभ्यास गर्नु हो । त्यसैले ध्यान अभ्यासले आत्मविश्वास बढ्छ । यस अभ्यासले दैनिक काममा पनि अकुशल पापकर्मबाट अलग भएर बस्न सकिन्छ । ध्यान नियमित गर्नाले लोभ, द्वेष र इर्ष्या जस्ता मनको फोहोर कम भएर जान्छ र मैत्री, करुणा मुदिता र उपेक्षा जस्ता मानवीय गुण विकास भएर आउँछ । तर विपश्यनाको मुख्य उद्येश्य निर्वाण हो । तर निर्वाणको ज्ञान प्राप्त नगरेसम्म यसरी फाइदा लिन सक्षम हुन्छ ।

**अभिधर्म ग्रन्थमा मनको व्याख्यान :**

अभिधर्म[५]मा चित्तलाई लौकिक र लोकुत्तर चित्त गरी दुई किसिममा विभाजन गरिएको छ । काम,रुप र अरूप भुमिमा अवचरण गर्ने चित्तलाई लौकिक चित्त भनिन्छ । लोकबाट पार लगाउने चित्तलाई लोकुत्तर चित्त भनिन्छ । काममा लोकमा अवचरण गर्ने लौकिक चित्तहरू कुशल र अकुशल गरी ८९ वटा चित्तहरू विभाजन गरिएका छन् । यसरी चित्तलाई कामावचर चित्त ५४, रुपावचर १५, अरूपावचर १२ छन् भने लोकुत्तर चित्त ४० गरी विभाजन गरिएका छन् । जसमा कामावचर अर्न्तगत अकुशल तर्फ लोभ चित्त ८, द्वेष चित्त २ र मोह चित्त २ गरी जम्मा १२ चित्त राखेको छ । कुशल तर्फ २४ चित्त रहेको छ ।

मनसँगै टाँसेर आउने चैतसिक ५२ विभाजनमा हुन्छ । १४ वटा अकुसल रहेका छन् भने २५ कुसल र बाँकि १३ सामान्य भनिएको छ । जब जब १४ अकुसल चेतसिक स्वच्छ मनसँग टाँसेर आउँछ, मन दूषित हुन्छ । हो यही दूषित मनले मानसिक रोगको श्रृजना गर्छ भने अप्रत्यक्ष रुपमा यसको प्रभाव शारीरिक स्वास्थ्य पर्नजान्छ ।

अभिधर्म अन्तर्गत चित्तले गरिने कामलाई किच्च भनिन्छ । मनले गरिने १४ प्रकारका कामहरू(किच्च) व्याख्या गरिएको छ भने चित्तहरू उत्पन्न हुने क्रम(प्रवाह)लाई वीथि भनिन्छ । पाप वा पुण्यको गर्ने, पाप संचय हुने जवन चित्तहरू आउनु भन्दा अगाडि वीथि क्रमलाई भङ्ग गर्ने वा कुशल जवनमा परिवर्तन गरी प्रत्येकले धार्मिक उद्येश्य राखिनु जरुरी छ ।

**४. उपसंहार**

संसारमा मूल्यवान वस्तु भनेको नाम, दाम, शक्ति र पद मात्र होइनन्, सबभन्दा मूल्यवान धन भनेकै स्वास्थ्य हो । स्वास्थ्य राम्रो भएमा मात्र जीवनमा सुख हुन्छ । स्वास्थ्य नै ठीक छैन भने भौतिक सम्पति भएर मात्र के गर्ने ? मनुष्य जीवन सुख शान्ति रहनको लागि मानसिक तथा शारिरीक रुपले स्वस्थ्य रहनु पर्दछ । शारीरिक स्वास्थ्यको लागि खानपिन, ऋतु, आहारको सन्तुलन चाहिने हुन्छ भने मानसिक स्वास्थ्यको लागि आधार भने सकारात्मक सोच, शुद्ध मन नै, शान्त दान्त मन नै हुन सक्छ, अरू हुन सक्दैन ।

५. भिक्षुणी धम्मवती (अनु), अभिधर्म धर्मकीर्ति प्रकाशन श्रीघः, नघः, वि.सं २०७०

बुद्धशिक्षामा मन र मनोवैज्ञानिक पक्षको महत्व उच्च रहेको हुन्छ । बुद्धले देशना गर्नुभएको विधिहरूबाट जीवनस्तर उकास्न र परिस्थिति बेचैनी भोगिरहेकाहरूका लागि त उपयोगी हुने नै भयो । त्यस्तै मनको स्थितिलाई सुधार गरेर मानसिक तनावको उपचारमा समेत उपयोगी सिद्ध हुनेछ । बुद्धमार्गीहरूले आफू स्वयं र अरूको पनि मानसिक स्वास्थ्य लाभ होस् भनेर भगवान बुद्धले देखाउनुभएको बाटो आफ्नो जीवनमा उतारी मानव कल्याण गर्न टेवा पुर्‍याउनतिर लाग्नुपर्दछ ।

मानसिक स्वास्थ्य लाभ गर्ने विधि अनेकौं प्रस्तुत भइआएका छन्, विश्वमा । तर बुद्धले दिनुभएको लौकिक शिक्षा, अभिधर्मको बारे अध्ययन, चिन्तन मनन र साथमा ध्यान अभ्यासभन्दा प्रभावशाली विधि अरू हुन सकिंदैन ।

॥ भवतु सब्ब मङ्गलं ॥


सन्दर्भ ग्रन्थहरू :

१) भिक्षु महानाम 'कोविद', **धम्मपद** धर्मोदय सभा प्रकाशब, २०४९

२) मानन्धर मदन रत्न, **धर्म व व्यवहार**, भाजु रत्न-अष्टमाया स्मृति प्रकाशन, वि.सं.२०७५

३) मानन्धर मदन रत्न, (अनु) **परित्राण**, भाजुरत्न-अक्ष्टमाया स्मृति प्रकाशन, वि.सं २०७६

४) महास्थविर धर्मगुप्त (अनु), **धम्मपद- अट्ठकथा** सुनाकोठी ललितपुर, नेपाल, वि.सं २०७६

५) भिक्षुणी धम्मवती (अनु) **अभिधर्म**, धर्मकीर्ति प्रकाशन श्रीघः, नघः, वि.सं २०७०

६) भिक्षु बोधिज्ञान,...(सं) **परियत्ति प्रवाह**, अनुसन्धान सपमति प्रकाशक वि.सं. २०७८

७) भिक्षु ज्ञानपूर्णिक महास्थविर, **आचारणीय व्यावहारिक अभिधर्म**, दि. शान्तिदेवीया पुण्यस्मृति वि.सं. २०६८

८) https://www.goodreads.com/quotes/tag/mind

९) https://ourworldindata.org › mental-health

१०) https://www.apa.org › topics › psychotherapy › approaches


❀

## माझखण्ड विहार भ्रमण : एक स्मरणको बाँकी अंश ... ...

पर्यटनलाई टेवा र प्रवर्द्धन गर्ने योजना अनुरुप यो स्थललाई पनि पर्यटकीय स्थलको रुपमा विकाश गर्न सकिन्छ, भविष्यमा तद्अनुरुप विकाश पनि हुँदै जाला भनी आशा गर्न सकिन्छ ।

त्यस्तो विकटस्थानमा बीस वर्ष लगाई विहार बनाउन अग्रसर हुनु भएका महानुभावहरू प्रति कृतंज्ञताको भाव देखाउन उचित नै हुनेछ । यस विहारबाट त्यसभेगमा बुद्ध शासनको अभिबृद्धिमा टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ भने समाजमा शान्ति र सुरक्षाको प्रत्याभूतिमा समेत बल मिल्न जानेमा दुईमत नहोला । बौद्ध उपाशक, उपाशिकाहरू त्यस स्थलमा गएर दोहोरो लाभ लिन सकिने प्रष्ट हुन्छ । एक त विहारको हलमा भएका पूजा, पाठ, ध्यानको साथै जंगल, चिहान डाँडामा गरेको ध्यान भावनाको प्रतिफलको साथै, घर बाहिर गई पर्यटकको रुपमा पाउने अनुभव पनि कम आक्न सकिंदैन । बौद्ध उपाशक, उपाशिकाहरू अन्य स्थलहरूमा घुमघाम गर्न (पर्यटक बनी) जानु भन्दा धार्मिक पर्यटकीय स्थलमा धार्मिक पर्यटक भई जान पाउनु सुखकर हुनेछ ।

काठमाडौका विभिन्न विहारहरूबाट र अझ देशका विभिन्न विहारहरूबाट समेत धार्मिक पर्यटनको हिसावले माझखण्ड विहारको धार्मिक कार्यक्रम सहित भ्रमण गर्न निकै शान्दर्भिक र आन्तरिक धार्मिक पर्यटनमा समेत टेवा पुग्न जाने देखिन्छ । यसबाट अप्रत्यक्ष रुपमा भए पनि आर्थिक चलायमानद्वारा सो गाउँको विकाशमा पनि योगदान हुन जाने देखिन्छ ।

यसै प्रशंङ्गमा अझ काठमाण्डौका विभिन्न विहारहरू, देशका विभिन्न विहारहरूमा समेत अन्य समन्वयात्मक सम्बन्ध, भ्रमणको बेला उपाशक उपाशिकाहरूको बसोबासको आवश्यक व्यवस्था, भ्रमणलाई सहज पार्ने समन्वय, धर्म साकच्छा (छलफल, अन्तरक्रिया) आदि इत्यादी कुराहरूमा थप कृयात्मक सम्वन्धको विकाश गरी बुद्ध शासनमा टेवा पुऱ्याउन योगदान दिन समेत सम्बद्ध पक्षबाट आवश्यक पहल हुनेछ भनी अपेक्षा गर्नु शायद गलत नहोला ।

दुई दिनको धार्मिक पर्यटनमा सहभागी हुने अवशर दिनु भएको बोधिज्ञान भन्ते प्रति साधुवाद सहित भ्रमण अवधिभर जलपान, भोजन, आदिको व्यवस्था गर्नुहुने र प्रत्यक्ष अप्रत्यक्ष संलग्न र सहभागी सबैको मंगलमय कामना गर्दछु । सबैको मंगल होस् ।

# विचाः हायका

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**







*बुन्हि:*
वि.सं. २०००
असार १३ गते

*मदुगु न्हि:*
वि.सं. २०७९
मंसिर १३ गते, मंगलवार

## मदुम्ह माणिक रत्न कंसाकार

धर्मकीर्ति पूर्णहिरा भोजन पुचःया दुजः उपासिका अष्टशोभा कंसाकारया जहान **माणिक रत्न कंसाकार** ७९ दँया वैशय् "जन्म जुयागु हे छन्हु सीगु लागि खः" धयागु प्रकृतीया सत्य नियमयात न्हयब्वस्य नश्वर देह त्याग याना: झाल ।

दु:खं कयाच्वंगु थुगु इलय् वय्क:या जहान परिवारं "अधुवं मे जीवितं, धुवं मे मरणं" अर्थात् म्वानाच्वनेगु अनिश्चित खःसा सीमानिगु नित्य धयागु बुद्ध शिक्षायात थ्वीका: धैर्य धारण याय्फय्मा ।

दिवंगत जुयादीम्ह उपासक माणिक रत्न कंसाकारया परलोक जीवन सुगतिमय जुसे याकन हे निर्वाणया हेतु चूलाय्मा धका: आशिका यासे पुण्यानुमोदन यानाच्वना ।

भवतु सब्ब मंगलम् ।

## धर्मकीर्ति पूर्णहेरा भोजन पुचः

### धर्मकीर्ति विहार

**श्रीघः नःघ, यैं**

# The Light of the Buddha



✍ **Lekh Ratna Shakya**

*Lumbini is the light of Buddha,*
*Where he was born, it is Nepal*
*Ideally Lumbini is a pious place,*
*Buddha left behind it into this world.*
*An ancient country of Nepal,*
*Where arouses the soul of prince.*
*He dawn the Buddhism and its doctrine*
*And spread all over the world.*
*Since the Lumbini garden has been,*
*A well-known garden in the world,*
*It is a natural beauty of cheer/blessing*
*All Buddhist countries attracted strongly.*
*Buddha was esteemed holy person,*
*He offered his teaching to this world,*
*There are holy moral in his teachings,*
*There was an exemplary life of the Buddha.*
*Buddha opened the path for countless countries,*
*Millions of people followed his holy teachings,*
*Lumbini is remarked as one holy site among the four places,*
*Where pilgrims from the world travel at least once in a time.*






पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ।।
यही नै बुद्धको उपदेश हो ।

**बिश्व मोटर ट्रेडर्स**
ख-२, ४०८, पुतलिसडक
काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४२३८१४७
९८५१०५११३१, ९८५१०५११४७
**e-mail: vishwamotor@gmail.com**

टोयोटा, मित्सुबिसि, निशान, इसुजु,
सुजुकि इत्यादि गाडिका पार्टस्हरूको
साथै व्याट्रि र इन्भर्टरको लागि
सम्पर्क गर्नुहोस् ।

# अन्तर्राष्ट्रिय भिक्षुणी संघ पाखें देबदहलय् दय्कूगु यशोधरा विहारयात धर्मकीर्ति विहारपाखें भिंद्वः व वस्वयाः अपो चन्दा ब्यूपिं दातापिनि नां धलः

**प्रस्तुती– वीर्यवती गुरुमां**

**शिलापत्र नं. ७**

| क्र. सं. | नां, थर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १७४ | सौरभ कंसाकार सपरिवार | बुरांख्यो, अष्ट्रेलिया | १०,०१०/- |
| १७५ | पञ्च कुमारी नकर्मी (दिं मां बाःया पुण्य स्मृतिस) | ढल्को, काठमाडौं | १०,०००/- |
| १७६ | हरी भक्त मानन्धर सपरिवार (मदुपिनिगु पुण्य स्मृतिस) | नयाँ बानेश्वर, काठमाडौं | २०,०००/- |
| १७७ | चिनी महर्जन | धर्मकीर्ति विहार, काठमाडौं | १०,०१०/- |
| १७८ | नानी मैंया नकर्मी | रातोपुल, काठमाडौं | १०,१७०/- |
| १७९ | सुचिता गुरुमां | धम्मबास विहा, खुसिबुँ काठमाडौं | १०,५५०/- |
| १८० | निराला शाक्य, तुलाधर | थाय्मदु बहाः, काठमाडौं | १०,०००/- |
| १८१ | हरीहर मान नकर्मी सपरिवार | बाँसबारी, काठमाडौं | १०,१०५/- |
| १८२ | कृष्ण माया सिपाहिं | गल्कोपाखा, काठमाडौं | १०,०००/- |
| १८३ | धूप तारा तुलाधर | सीतापाइला, काठमाडौं | २५,०००/- |
| १८४ | दानदेबी शाक्य (मदुपिनिगु पुण्य स्मृतिस) | गणबहाल, काठमाडौं | १५,०००/- |
| १८५ | चैत्य रत्न शाक्य सपरिवार (मदुपिनिगु पुण्य स्मृतिस) | वकुबहाल, यल | ११,१००/- |
| १८६ | लक्ष्मी बहादुर मानन्धर सपरिवार (मदुपिनिगु पुण्य स्मृतिस) | मित्रनगर, काठमाडौं | १२,०००/- |
| १८७ | पुष्प कुमार मानन्धर सपरिवार | ठँहिटी, काठमाडौं | ५०,०५५/- |
| १८८ | प्रदीप मानन्धर सपरिवार (मदुपिनिगु पुण्य स्मृतिस) | कालिमाटी, काठमाडौं | २०,०००/- |
| १८९ | शोभा लक्ष्मी शाक्य | चाकुपाट, ललितपुर | १४,०००/- |
| १९० | अनुपम चिया उद्योग | जावलाखेल, ललितपुर | १२,०००/- |
| १९१ | बाबु नारां महर्जन सपरिवार | ठमेल, काठमाडौं | १०,०००/- |
| १९२ | शान्ति शाक्य | ढल्को, काठमाडौं | ५०,०५०/- |
| १९३ | ज्ञानकाजी शाक्य सपरिवार | पाल्पा, तानसेन | १०,१००/- |
| १९४ | शुभरत्न मानन्धर सपरिवार | पुरानो भंसार, काठमाडौं | १२,०००/- |
| १९५ | ज्ञानी शोभा शाक्य सपरिवार | बौद्ध, काठमाडौं | १०,१११/- |
| १९६ | विजय रत्न शाक्य (दि. मां बाःया पुण्य स्मृतिस) | नरदेवी, काठमाडौं | ५०,०२५/- |

| | | | |
|---|---|---|---|
| १९७ | मचाकाजी महर्जन सपरिवार | टोखा, काठमाडौं | १०,०००/- |
| १९८ | रामेश्वर नकर्मी सपरिवार | लगन टोल, काठमाडौं | १०,०००/- |
| १९९ | कर्णदेवी भोजन पुचः | धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं | ५१,५००/- |
| २०० | पूर्ण रत्न वज्राचार्य | भोटे बहाल, काठमाडौं | २५,०००/- |
| २०१ | नील तारा तुलाधर | महाराजगंज, काठमाडौं | १०,५००/- |
| २०२ | ज्ञानी हेरा महर्जन | इनाखा, काठमाडौं | १०,०००/- |

**शिलापत्र नं. ८**

| | | | |
|---|---|---|---|
| २०३ | चन्द्र हीरा कंसाकार | - | १०,०५०/- |
| २०४ | पूर्ण शोभा महर्जन | ज्याथा, काठमाडौं | १०,००५/- |
| २०५ | कर्ण बहादुर सिंह (दि. बाःया पुण्य स्मृतिस) | ढोका टोल, काठमाडौं | ११,१११/- |
| २०६ | कमला देबी सिंह (दि. मांया पुण्य स्मृतिस) | ढोका टोल, काठमाडौं | ११,१११/- |
| २०७ | रेणु श्रेष्ठ | बागबजार, काठमाडौं | १०,५५५/- |
| २०८ | माणिक लक्ष्मी तुलाधर (मदुपिनिगु पुण्य स्मृतिस) | ताहाचल, काठमाडौं | २५,०००/- |
| २०९ | मन्दिरा ताम्राकार (दि. मां बाःया पुण्य स्मृतिस) | मरु, काठमाडौं | ११,०२५/- |
| २१० | गणेश माया खड्गी | पुल्चोक, ललितपुर | ११,५००/- |
| २११ | गंगा देवी नकर्मी (मदुपिनिगु पुण्य स्मृतिस) | सामाखुसी, काठमाडौं | ११,०००/- |
| २१२ | अमिता मानन्धर सपरिवार (दि. बाः मांया पुण्य स्मृतिस) | क्षेत्रपाटी, काठमाडौं | १०,००५/- |
| २१३ | उमा मानन्धर | नयाँ बानेश्वर, काठमाडौं | १५,०००/- |
| २१४ | राधिका मानन्धर (मदुपिनिगु पुण्य स्मृतिस) | लाय्कूसाः, काठमाडौं | ५०,०००/- |
| २१५ | बेखामाया महर्जन सपरिवार (मदुपिनिगु पुण्य स्मृतिस) | ठमेल, काठमाडौं | १०,०००/- |
| २१६ | राम देवी मुनिकार (दि. बाः मांया पुण्य स्मृतिस) | मैती देवी, काठमाडौं | २०,०००/- |
| २१७ | शील तारा श्रेष्ठ (दि. मां बाया पुण्य स्मृतिस) | कालिमाटी, काठमाडौं | १०,०००/- |
| २१८ | दीना कंसाकार | बाफल, काठमाडौं | १०,०००/- |
| २१९ | पद्म रत्न तुलाधर सपरिवार | महाराजगञ्ज, काठमाडौं | २१,०००/- |
| २२० | धर्म केशरी शाक्य | गणबहाल, काठमाडौं | १०,०००/- |
| २२१ | संघ रत्न राजकर्णिकार (दि. बाः मांया पुण्य स्मृतिस) | चिकं मुगः, काठमाडौं | ११,००५/- |
| २२२ | नानी काजी महर्जन, सपरिवार | बाफल, काठमाडौं | २५,०००/- |
| २२३ | दि. हीरा, आशाकाजी महर्जन | ह्यूमत, काठमाडौं | १०,०००/- |
| २२४ | विमला राणा | धोबी चौर, काठमाडौं | १०,१००/- |
| २२५ | धन कुमारी शाक्य (मदुपिनिगु पुण्य स्मृतिस) | तानसेन | १०,०००/- |

| | | | |
|---|---|---|---|
| २२६ | पूर्ण रत्न स्थापित सपरिवार | च:मति, काठमाडौं | १०,१०६/- |
| २२७ | भवानी रत्न ताम्राकार | नयाँ बजार, काठमाडौं | २५,५५५/- |
| २२८ | मोती माया महर्जन सपरिवार | लाजिम्पात, काठमाडौं | १०,०००/- |
| २२९ | नीलम मानन्धर (दि. बा: मांया पुण्य स्मृतिस) | दिल्ली, काठमाडौं | १५,५००/- |
| २३० | नीलम मानन्धर (मदुपिनिगु पुण्य स्मृतिस) | महाराजगञ्ज, काठमाडौं | १५,५००/- |
| २३१ | मीरा शाक्य, वैद्य | न:घल, काठमाडौं | ११,०००/- |

# जीवन सुखं हनेनु



✍ **नाती महर्जन**, पूच्व यल

जन्म जुइवं छक: सीमानि धका: सीकाच्वनी भ्रीसं
तर सुखया ग्व:फसं कय्वं सीमानिगु ल्व:मंकी भ्रीसं ।

सुखं थ्यूगु जीवनय् भुलेजुया: सीम्वा:पिं थें भा:पीपिं भ्रीपिं
दान शील ध्यानया अभ्यास छ्वासुका: पञ्चकाम सुखय्
भुलय् ज्वीपिं भ्रीपिं ।

स्वल्प सुखया अपार कल्पनां यौवनया मू फुकीपिं भ्रीपिं
पूर्व जन्मया विपाक फलं नं थ्व जीवनया गति हिलाच्वनी ।

मनया च्यो जुयाच्वनापिं भ्रीपिं सम्पत्तिया पिवा: च्वनाच्वनी
भौतिक धन सम्पत्ति न्ह्याक्व दुसां गात धाय्गु बानी
मदुपिं भ्रीपिं ।

थुगु धन सम्पत्ति फुक्कं त्व:ता: प्यम्ह पासां क्वबीका: दिपय् वनी ।
थ:त धका: मुंका थकूगु सम्पत्ति फुक्कं वाना हे वनी ।

उकें याय्नु भ्रीसं श्रद्धापूर्वक दान शील ध्यान पुण्य कर्म
अले दई भ्रीत सुखमय जीवनया फल थ्वहे भिंगु कर्मं ।

# पण्डित वर्ग



*भावानुवाद* - **सत्यमोहन जोशी**

**कल्याण भित्र भापीमा: धनव दोष दर्शक**
**विज्ञ संगत या जूसा उया ज्वी सुख वर्धक ! ॥१॥**

**क्षति बीह्म जुया शास्ता मभिंगु कर्म तोतुका**
**ब्यक्ति ज्वी प्रिय ज्ञानीया ! अप्रिय तर मूर्खया ! ॥२॥**

**दुष्ट अधम पासाया संगत याय् मते गनं**
**भिंह्म हितह्म पासाया संगत या सदा जनं ॥३॥**

**धर्म रस थुया च्वोंह्म न्ह्यो वेकी सुख पुर्वक**
**आर्य धर्मे तई श्रद्धा पण्डितं प्रेमपूर्वक ! ॥४॥**

**ध: म्हुम्हं ल: छ्वई माथाय अथेहे वाणकारकं**
**थ:त माथे कया साज दय्की वाण छसी कथं**
**सिंकमिं सिँ हनं माथे चात्वीका धैगु ज्या सनी**
**पण्डितपिसं थ:त:हे दमन याय्गु स्वैच्वनी ॥५॥**

**तग्गो लोँहँ फसं भ्याहे संके गथेकि फैमखु**
**पण्डितजन संकेगु निन्दां मानं तु फैमखु ॥६॥**

**अथाह स्वच्छ गम्भीर पुखुया ल: समान हैं**
**प्रसन्न चित्त ज्वी न्योंसा सद्धर्म धैगु पण्डितं ॥७॥**

**भिंपिं ज्वी मखु आसक्त काम भोगेनं चर्चित**
**दु:ख सुख परे जूसां ज्ञानीं मया प्रकाशित ॥८॥**

**धन पुत्र तथा राष्ट्रयागु इच्छा सुनां मतै**
**अधर्म स्वाह्म ज्ञानीया प्रज्ञा धर्म व शील दै ॥९॥**

**पारंगत जुया वोंपिं थ्व लोकय् भतिचाजक**
**बाकी दुपिं फुकं ब्यक्ति ब्वाँब्वाँ ज्वीगु सिथय् जक ॥१०॥**

**सद्धर्मया सुनां सेवा याई धर्मानुसार लं**
**वहे दुस्तर संसार पार याईगु सत्वरं ॥११॥**

**पाप कर्म सदा तोता शुभ कर्म ज्वना सदा**
**छैं बुं तोता जुया भिक्षु एकान्त बास प्रेमया ॥१२॥**

**काम भोग फुकं तोता सर्वस्व थगु त्यागया**
**एवं रीतं सदा ज्ञानीं चित्तया मल दूरया ॥१३॥**

**संम्बोधि धर्मया अंगे अभ्यस्त जुह्म पण्डित**
**अपरिग्रहया धर्मे ग्रहण त्याग पूर्वक**
**याना च्वोंह्म अनासक्त मरे धुंकुह्म आश्रव**
**द्युतिमान् जनया निम्तिं प्राप्त निर्वाणया पद ॥१४॥**

# धर्मकीर्ति विहार संरक्षण कोष १९ औं वार्षिक साधारण सभा






*ओवाद दिनुहुँदै श्रद्धेय धम्मवती गुरुमां*

*बि.सं. २०७९ मंसिर २४ गते, शनिवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

धर्मकीर्ति विहार संरक्षण कोषको १९ औं वार्षिक साधारणसभा गत मंसिर २४ गते सम्पन्न भयो। भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा कोषका सह कोषाध्यक्ष अरूणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएको थियो भने पञ्ञावती गुरुमांले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवती गुरुमांले सभापतिको आशनबाट बोल्नुहुँदै बुद्ध शासन चिरस्थायी गर्नको लागि भिक्षु, भिक्षुणी, उसापक र उपासिका गरी चारवटा नै समूहले मेहनत गर्न अत्यावश्यक रहेको विषयमा ओवाद उपदेश दिनुभयो।

कार्यक्रममा धर्मकीर्ति विहार संरक्षण कोषका सचिव मीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

कार्यक्रममा प्रस्तुत भएका वार्षिक प्रगति प्रतिवेदनहरूको तालिका

| क्र. सं. | धर्मकीर्ति विहार संरक्षण कोष र यस कोषका इकाईहरू / धर्मकीर्ति विहारका सम्वन्धन प्राप्त विहारहरू | प्रतिवेदन प्रस्तुत गर्नुहुने व्यक्तिहरू |
|---|---|---|
| १ | धर्मकीर्ति विहार संरक्षण कोष (वार्षिक) | प्रफुल्ल कमल ताम्राकार (सचिव) |
| २ | धर्मकीर्ति विहार संरक्षण कोष (आर्थिक) | अजयरत्न स्थापित (कोषाध्यक्ष) |
| ३ | धर्मकीर्ति मासिक प्रत्रिका | ध्रुवरत्न स्थापित (व्यवस्थापक) |
| ४ | धर्मकीर्ति सूचना तथा जनसम्पर्क इकाई | पञ्ञावती गुरुमां |
| ५ | धर्मकीर्ति स्वास्थ्य कमिटी | रोशनकाजी तुलाधर (संयोजक) |
| ६ | धर्मकीर्त बौद्ध परियत्ति केन्द्र तथा भ्रमण ईकाई | केशावती गुरुमां |
| ७ | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | केशव डंगोल |
| ८ | धर्मकीर्ति बुद्ध पूजा कमिटी | इन्द्रकुमार नकर्मी |
| ९ | धर्मकीर्ति ज्ञानमाला भजन | अरूणसिद्धि तुलाधर |
| | **धर्मकीर्ति विहार सम्वन्धन प्राप्त विहारहरू** | |
| १ | निर्वाणमूर्ति किम्डोल विहार, स्वयम्भू | अगम्यरत्न कंसाकार |
| २ | पद्मकीर्ति विहार, कमलपोखरी | कुशलावती गुरुमां |
| ३ | श्रद्धाकीर्ति विहार, चःमति | श्रद्धाचारी गुरुमां |
| ४ | धर्मकीर्ति वसुन्धरा विहार, वसुन्धरा। | अरूणसिद्धि तुलाधर |

***सम्वन्धित तस्विरहरू कभर पछाडि पेजको भित्री पेजमा हेर्नुहोला।***

## वा: चाय्का: म्वाय् सय्क्य

✍ भरतराज चित्रकार
*त्य:र तंलाछी त्वा:, दथुननी चुक*

त्व:ता वनेमानि छन्हु सकतां
ज्वना मवंस्य छुं हे थनं
मात्र यंक्येगु ख: फ्सीसं नापं
पुण्य व पाप हे जक ख:थनं
जिगु व छंगु धका: हालाच्वना
लोभय् तकयना च्वनेगु छाय् ?
वैरभाव नुगलय् धाना:
शान्ति मदय्क च्वनेगु छाय् ?
मन, वचन व शरीरं गुबलें
सुयातं कष्ट मयाय्गु सय्क्य
रोगं काय्का: म्वाय्गु सिबें
निर्भयी जुया: सीगु सय्कय
मखुगु मभिंगु कर्म याय्गु त्व:ता
करुणाया मिखां स्वय्गु सय्कय
सकल जि, जि सकलें भा:पिया:
सुखशान्तिं जीवन हने सय्कय

## विचा: हायका

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. २००१ असार १५ गते, सप्तमी*

*दिवंगत :*
*बि.सं. २०७९ कार्तिक ८ गते, मंगलवार, औंशी*

**दि. नील शोभा ताम्राकार**
भोटाहिटी, काठमाडौं

धर्मकीर्ति लक्ष्मी नानी ङ्त पुचः या दुजः मय्जु **नील शोभा ताम्राकार** संसारया त्रिलक्षण स्वभावयात न्ह्याब्वसे दिवंगत जुयादिल । वय्कलं थःगु जीवनय् दान, शील, भावनायात क्वात्तुक अभ्यास यायां सञ्चय यानादीगु पुण्य शक्तिं वय्कःयात सुगति व निर्वाण हेतु नं प्राप्त ज्वीमा धकाः आशिका यासे पुण्यानुमोदन याना ।

**धर्मकीर्ति लक्ष्मी नानी ङ्त पुचः**

# श्रद्धाञ्जली

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दि. नील शोभा ताम्राकार**
भोटाहिटी, काठमाडौं

*जन्म :*
*बि.सं. २००१ असार १५ गते, सप्तमी*

*दिवंगत :*
*बि.सं. २०७९ कार्तिक ८ गते*
*मंगलवार, औंशी*

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य (क्र.सं. २९) **दि. नील शोभा ताम्राकार** ७८ वर्षको उमेरमा दिवंगत हुनुभयो । यस दुखद् घडीमा उहाँका परिवारजनले संसारको अनित्य स्वभावलाई बुझी धैर्य धारण गर्नुहुनेछ भनी आशा राख्दछौं । दिवंगत हुनुभएका उपासिकाले आफ्नो जीवनमा दान, शील र ध्यानको अभ्यास गरी सञ्चय गरेको पुण्यानुसार सुगति एवं निर्वाणको हेतु प्राप्त होस् भनी कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार
श्रीघः नःघ, काठमाडौं

# धर्मकीर्ति विहारको वार्षिक साधारण सभाको केही झलकहरू



कार्यक्रम सञ्चालन गर्नुहुँदै
अरूणसिद्धि तुलाधर



धर्मकीर्ति संरक्षणकोषको प्रतिवेदन प्रस्तुत
गर्नुहुँदै प्रफुल्लकमल ताम्राकार



धर्मकीर्ति पत्रिकाको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
ध्रुवरत्न स्थापित



सूचना तथा जनसम्पर्क इकाईको प्रतिवेदन
प्रस्तुत गर्नुहुँदै पञ्ञावती गुरुमां



स्वास्थ्य कमिटीको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
रोशनकाजी तुलाधर



बौद्ध परियत्ति र भ्रमण कमिटीको प्रतिवेदन
प्रस्तुत गर्नुहुँदै केशावती गुरुमां



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिको प्रतिवेदन
प्रस्तुत गर्नुहुँदै केशव डंगोल



बुद्धपूजा कमिटीको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
इन्द्रकुमार नकर्मी



निर्वाणमूर्ति किम्डोल विहारको प्रतिवेदन
प्रस्तुत गर्नुहुँदै अगम्यरत्न कंसाकार



पद्मकीर्ति विहारको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
कुशलावती गुरुमां



ध.सं. कोषको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
अजयरत्न स्थापित



श्रद्धाकीर्ति विहारको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै
श्रद्धाचारी गुरुमां

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७९/०८०)

# साधुवाद !

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



बुन्हि :
बि.सं. १९८१ बैशाख ३ गते

मदुगु न्हि :
बि.सं. २०७१ बैशाख ३० गते

## ललितदेब मानन्धर

*क्षेत्रपाटी, हाल डल्लु आवास, काठमाडौं*

धर्मकीर्ति पत्रिका वर्ष ४०, अङ्क १० या रङ्गीन कभरपेज (प्यंगू पेज)

**दिवंगत उपासक ललितदेब मानन्धरया**

पुण्य स्मृतिस वय्कःया छ्येंजःपिं

(जहानः जमलदेवी, म्ह्याय्ः गीता, काय्ः दीपक, भौः नर्मदा, काय्ः बरदेश, छ्य्पिंः सितु, सिचु आदि) मानन्धर सपरिवार पाखें धर्मदान यानादीगु खः ।

धर्मदान यानाः सञ्चय यानादीगु पुण्य शक्तिं मदुम्ह

**उपासक ललितदेब मानन्धर** लगायत दाता परिवारया सम्पूर्ण पितृजनपिनि सुगति एवं निर्वाण कामना यासें पुण्यानुमोदन यानागु जुल ।

धर्मदान यानादीपिं दाता परिवारया नं आयु आरोग्य व निरोगी कामना याना ।

वय्कःपिसं नं बुद्ध शिक्षा अभ्यास यासे थथःगु जीवन सफल यानादीफय्मा धकाः आशिका यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल ।

*भवतु सब्ब मंगलम् ।*

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार**

श्रीघः नघः, काठमाडौं

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com